आर्थिक कूटनीतिका पक्षमा लविङ जारी छ : राजदूत डा ओली | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २७ • अंक ३९ • २०८२ साल असार १४ गते शनिबार (28 June, Saturday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।–

# सरकारप्रति मधेश केन्द्रित दलहरुको असन्तुष्टि

टुडे समाचारदाता

जनकपुरधाम । केपी शर्मा ओली नेतृत्वको सरकारलाई समर्थन गर्दै आएका मधेश केन्द्रित दलहरूमा असन्तुष्टि बढ्दै गएको देखिएको छ।

उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा)नेपालले सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय नै गरिसकेको छ । जसपा नेपालले समर्थन फिर्ता लिने निर्णय गरे पनि संसदीय दलको बैठकबाट अनुमोदन भने गरिएको छैन।

जसपा नेपालले समर्थन फिर्ता लिएको जनाएसंगै जनमत पार्टीले पनि ओली सरकारप्रति तीव्र असन्तुष्टि जनाउन थालेका छन् । मधेश प्रदेशको सरकारको नेतृत्व गरिरहेको जनमत पार्टीले मधेश प्रदेशकै बजेटको विषयमा समेत असन्तुष्टि जनाएको छ । पार्टीको बैठक बसेर सरकारको बारेमा निर्णय लिने सो पार्टीले आइतबार बस्ने बैठकबाट निर्णय गर्ने स्रोतले जनाएको छ।

रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टी पनि ओली सरकारप्रति सन्तुष्ट छैन । पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ र संरक्षक रेशम चौधरीबिच देखिएको द्वन्द्वका कारण सरकारबारे सो पार्टीले ठोस निर्णय लिएको छैन।



महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल पनि सरकारको काम कारबाहीप्रति असन्तुष्ट छन् ।

संविधान संशोधन, राजबन्दी रिहाइलगायतका विषयमा ओली सरकारले सम्बोधन नगरेको भन्दै लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले औपचारिक रूपमै पटक-पटक असन्तुष्टि जनाइसकेका छन् ।

सो पार्टीका महासचिव डा.सुरेन्द्र झाले सहमतिका साथ हामी सरकारमा सहभागी भएको स्मरण गर्दै सो अनुसार काम नभएको प्रति असन्तुष्टि पोखे। उनले मुख्य एजेण्डा नै संविधान संशोधन रहेको र सो कार्य पनि अहिलेसम्म हुन नसकेको बताए।

मधेश आन्दोलनताका पक्राउ परेका बन्दीहरू रिहा नभएको, लाल आयोगका प्रतिवेदन सार्वजनिक नगरिएको मधेश केन्द्रित दलका नेताहरु बताउँछन् । यी माग पूरा गराउन लोसपा नेपालले पटक पटक दबाब दिइरहेको उनको भनाइ छ।

संविधानको अग्रगामी संशोधन गर्ने, सुशासनको ठोस प्रत्याभूति आमजनताले प्राप्त गर्ने, तीव्र गतिमा आर्थिक विकास गर्ने, स्वदेशमै रोजगारीको वातावरण बनाउने, भ्रष्टाचारको महामारीबाट देशलाई मुक्त गर्नेजस्ता महत्वपूर्ण प्रतिवद्धता गरेको एक वर्षसम्म पनि वर्तमान सरकारले कुनै कार्य नगरेको कारण मधेश केन्द्रित दलहरुले समर्थन फिर्ता लिन सक्ने अवस्था रहेको देखिन्छ।

सरकारलाई समर्थन दिएका, सरकारमै सहभागी भएका र सरकार बाहिर रहेका तराई मधेशका सात दलले संघीय लोकतान्त्रिक मोर्चा पनि सरकारप्रति असन्तुष्ट छन् । मोर्चाले आफ्ना माग पूरा हुने अवस्था नदेखिएका कारण मधेश केन्द्रित दलहरु आ-आफ्नो तरिकाले सरकारबाट अलग हुने संकेत दिन थालेका छन् ।

आइतबार बस्ने मोर्चाको बैठकले आन्दोलनका कार्यक्रम तय गर्ने राष्ट्रिय मुक्ति पार्टी नेपालले जनाएको छ।

मोर्चामा रहेका सातमध्ये चार दल संघीय संसदमा छन् । तीमध्ये जसपा नेपालले सरकारबाट समर्थन फिर्ता लिने निर्णय गरिसकेको छ भने जनमत, लोसपा नेपाल र नागरिक उन्मुक्ति पार्टी पनि मोर्चामा आवद्ध छन् । तर ओली सरकारको व्यवहारका कारण उनीहरु पनि असन्तुष्टि पोख्दै आएका छन् ।

## एसईई परीक्षा परिणाम सार्वजनिक

# ६१.८१ प्रतिशत विद्यार्थी उत्तीर्ण, गणितमा सबैभन्दा धेरै 'एनजी'

टुडे समाचारदाता

जनकपुरधाम। राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालय कक्षा १० ले माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा प्रकाशित गरेको छ । शुक्रबार साँझ बोर्ड बैठकपछि परीक्षाफल सार्वजनिक भएको छ।




गत वर्षको चैत ७ गतेदेखि शुरु भएको एसईईमा ४ लाख ९९ हजार १८३ विद्यार्थी सहभागी भएका थिए। जसमध्ये नियमिततर्फ ४ लाख ३१ हजार ४६६ र ग्रेड वृद्धितर्फ ६७ हजार ७१५ जना थिए।

यस वर्ष ६१.८१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । सो संख्या गत वर्षको तुलनामा झण्डै १४ प्रतिशतले बढी छ । यहाँ ग्रेडमा समावेश विद्यार्थीहरूको प्रदेशगत विवरण पेश गरिएको छ।

मधेश प्रदेशमा ५९ हजार ७४९ जना परीक्षार्थी उत्तीर्ण भएका छन् भने कोशी प्रदेशमा ४७ हजार ८३५ जना, बागमती प्रदेशमा १ लाख १९ हजार ५१७ जना, गण्डकी प्रदेशमा ४७ हजार ८४९ जना, लुम्बिनी प्रदेशमा ५७ हजार ६८७, सुदुरपश्चिम प्रदेशमा ५९ हजार ८०४ र कर्णाली प्रदेशमा ४६ हजार ४५५ जना ग्रेडमा समावेशी भएका छन् ।

३.६ देखि ४ जीपीए ल्याउने ४८ हजार १७७, ३.२ देखि ३.६ जीपीए ल्याउने ८१ हजार ३८५, २.८ देखि ३.२ जीपीए ल्याउने ८९ हजार १२४, २.४ देखि २.८ जीपीए लयाउने ४८ हजार ४७९, २ देखि २.४ जीपीए ल्याउने ४ हजार १२६, १.६ देखि २ जीपीए ल्याउने ८ जना छन् भने १२६ जनाको परीक्षा रद्द भएको जनाइएको छ। त्यस्तै अवर्गीकृत परीक्षार्थीको संख्या-१ लाख ६७ हजार ५९७ जना रहेका छन् ।

ग्रेडमा २ लाख ७१ हजार २९९ जना परेका छन् । यस वर्ष सबैभन्दा धेरै गणित विषयमा विद्यार्थी ननग्रेडमा परेका छन् । १ लाख २८ हजार २१५ जना विद्यार्थी ननग्रेडमा परेका छन्। त्यस्तै अंग्रेजीमा ८० हजार ६७२ र नेपालीमा ५४ हजार ७३५ जना पनि ननग्रेडमा छन्। जम्मा ननग्रेडमा पर्ने विद्यार्थीको संख्या १ लाख ६७ हजार ५९७ जना छन्।

एसईईको नतिजा गत वर्षभन्दा यस वर्ष सुधार भएर आएको देखिन्छ। गत वर्ष २०८० सालको एसईईको नतिजामा ४७.८६ प्रतिशत मात्रै उत्तीर्ण भएका थिए भने २०८१ सालको एसईईको नतिजामा १३.९५ प्रतिशतले सुधार भएको छ।

यससंगै एसईईको पूरक परीक्षा मितिसमेत सार्वजनिक गरिएको छ । जसअनुसार पूरक परीक्षा साउन २९ देखि हुनेछ भने कार्यतालिका पछि प्रकाशित गरिने बोर्डका अध्यक्ष डा महाश्रम शर्माले जानकारी दिए।






# लहानमा स्थानीयले सुरू गरे स्वतस्फूर्त सरसफाइ अभियान



सिरहा । लहान नगरको सहरी क्षेत्रमा सरसफाइ चुनौती बन्दै गइरहेका बेला स्थानीय बासिन्दाले स्वतस्फूर्त रूपमा सरसफाइ अभियान सुरू गरेका छन् । लहान-८ हुलाक टोलका बासिन्दाले टोल विकास समिति गठन गरी टोलमै सरसफाइ अभियान सञ्चालन गरेका हुन् ।

टोल विकास समिति अध्यक्ष देवेन्द्र कामैतका अनुसार केही दिनमै थालिएको अभियान सामूहिक प्रयासद्वारा प्रभावकारी बन्दै गएको छ । "हामीले दुर्गन्ध र फोहर हटाउने मात्र होइन, टोललाई नै सुन्दर बनाउने लक्ष्य लिएका छौँ", अध्यक्ष कामैतले भन्नुभयो ।

अभियानमा लहान नगरपालिका-८ का वडाध्यक्ष श्याम साह र नगरप्रमुख महेशप्रसाद चौधरीले सहभागिता जनाएका छन् । नगरप्रमुख चौधरीले हुलाक टोलवासीको सक्रियता अन्य वडाका लागि प्रेरक बनेको भन्दै अभियानलाई प्रशंसा गर्नुभएको छ ।

फोहरलाई गल्ने र नगल्ने भनेर छुट्याउने, माइकिङ, पर्चा र पम्पलेटमार्फत जनचेतना फैलाउने कार्यसमेत गरिएको छ । सडक र नहर क्षेत्र आसपास अब जथाभावी फोहर देखिन्न । स्थानीयको भनाइअनुसार पहिले नाक थुन्दै हिँड्ने बाटो अहिले सफा र आकर्षक देखिन थालेको छ ।

हुलाक टोलमा नयाँ बसोबास गरेका शिक्षक, कर्मचारी र व्यापारीजस्ता शिक्षित र सचेत वर्ग सरसफाइमा अग्रसर देखिएका छन् । लहान नगरपालिका वडा नम्बर ४ देखि १० सम्म सरसफाइ अभियान तीव्र गतिमा अगाडि बढिरहेको जनाइएको छ ।

यसैबीच, लहान नगरपालिकाले हालै सम्पन्न १६औँ नगरसभाबाट मुख्य सडकको दुवै किनारमा हरेक सय मिटरमा डस्टबिन राख्ने निर्णय गरेको छ । नगरका पदाधिकारीका अनुसार फोहोरमैला सङ्कलनलाई नियमित र व्यवस्थित बनाउँदै लैजाने तयारी नगरपालिकाले गरेको छ ।रासस

# स्थानीय कलाकारको रहस्यमय हत्या

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको डाक्नेश्वरी नगरपालिका-८ का ३२ वर्षीय स्थानीय कलाकार राजकुमार खंगको हत्या भएको छ ।

बिहीबार बिहान डाक्नेश्वर ी-८ र राजगढ गाउँपालिकाको सिमाना नजिकै रहेको पोखरीको किनारमा उनको शव फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले हत्या राति नै भएको आशंका गरिएको जनाएका छन् ।

शव भेटिएपछि घटनास्थलमा तालिम प्राप्त डग स्क्वाडको समेत सहयोगमा अनुसन्धान तीव्र पारिएको छ । शव पोष्टमार्टमका लागि गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा पठाइएको सप्तरी प्रहरीले जनाएको छ ।

राजकुमार खंग स्थानीय सांस्कृतिक कार्यक्रमहरूमा



सक्रियरूपमा सहभागी हुँदै आएका कलाकार थिए । परिवारका अनुसार उनी बुधवार बेलुकीदेखि सम्पर्कविहीन थिए । हत्या किन र कसले गर्यो भन्ने विषयमा अनुसन्धान जारी रहेको डीएसपी बस्नेतले बताए ।

जनाएको छ ।

प्रहरी नायब उपरीक्षक जीतेन्द्र कुमार बस्नेतका अनुसार मृतक राजकुमार खंगको घाँटीमा धारिलो हतियार प्रयोग गरिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । उनले घटनाको प्रकृति हेर्दा

# धनुषामा आँप महोत्सव हुँदै



जनकपुरधाम । धनुषामा दुईदिने आँप महोत्सव आयोजना हुने भएको छ । धनुषाको बटेश्वर गाउँपालिका-१, चित्रपुरमा यही असार १४ र १५ गते चित्रपुर म्याङ्गो एग्रो टुरिजम बोर्डको आयोजनामा 'चित्रपुर आँप मेला महोत्सव- २०८२' हुने भएको हो ।

स्थानीय आँप प्रवर्द्धन गर्ने उद्देश्यले मेला आयोजना गरिएको चित्रपुर म्याङ्गो एग्रो टुरिज्म बोर्डका अध्यक्ष प्रदीप महतोले बताउनुभयो । उहाँले चित्रपुरलाई 'आँप पर्यटन नाका'का रूपमा विकास गर्ने लक्ष्य लिइएको समेत उल्लेख गर्नुभयो ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत आँप पकेट जोन घोषणा गरिए पनि किसानहरु बजारीकरण हुन नसकेको बताउँछन् । यहाँ दोस्रोपटक आँप महोत्सव गर्न लागिएको मेला समितिका सदस्य फुलगेन मगहीले बताउनुभयो । मेलामा ४० भन्दा बढी जातका आँप तथा आँपबाट बनेका विभिन्न परिकार जुस, अचारलगायतको प्रदर्शनीमा राखिनेछ ।

मेला घुम्न आउने पर्यटकलाई निःशुल्क आँप खुवाउने, बगैँचामा घुमाउने, रुखबाट आँप छानेर टिप्ने अनुभव दिलाउने र विद्यार्थीलाई विभिन्न जातका आँप चिनाउने कार्यक्रमसमेत समावेश गरिएको अध्यक्ष महतो बताउनुहुन्छ ।

हाल चित्रपुर क्षेत्रमा ३०० बिघाभन्दा बढी जमिनमा फैलिएको आँपको बगैँचामा उत्पादन हुँदै आएको छ । मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका प्रवक्ता सरोज चौधरीका अनुसार मधेश प्रदेशले देशको कुल आँप उत्पादनमा ७७.१ प्रतिशत योगदान दिँदै आएको बताउनुभयो ।रासस

# कार्बन उत्सर्जन शून्यमा पुर्‍याउन 'सगरमाथा वृक्षरोपण महाअभियान' घोषणा

काठमाण्डु । वन तथा वातावरण मन्त्रालयले कार्बन उत्सर्जन शून्यमा पुर्याउनेलगायत उद्देश्यका साथ 'सगरमाथा वृक्षरोपण महाअभियान' घोषणा गरेको छ । मन्त्रालयले शुक्रबार पत्रकार सम्मेलन गरी 'अबको अभियानः हरियाली बढाऔँ, हिमालय जोगाऔँ' नाराका साथ २० वर्षे उक्त महाअभियान घोषणा गरेको हो ।

मन्त्रालयले सन् २०२५ देखि सन् २०४५ सम्म प्रत्येक वर्ष असार १४ देखि साउन १५ सम्म 'सगरमाथा वृक्षरोपण महाअभियान' सञ्चालन गर्ने निर्णय गरेको हो । यस अभियानअन्तर्गत हरेक वर्ष करिव तीन करोड विरुवा रोपण गरिने वनमन्त्री ऐनबहादुर शाही ठकुरीले बताउनुभयो ।

हालै सम्पन्न सगरमाथा संवादको मुल मर्म र भावना अनुरूप नेपालबाट नै हिमालय जोगाउने प्रयासका रूपमा समेत वृक्षरोपण अभियानलाई दीर्घकालीन रूपमा सञ्चालन गर्न सरकारबाट यही असार ८ गते उक्त निर्णय गरिएको उहाँले जानकारी दिनुभयो । मन्त्री शाहीले भन्नुभयो, "नेपालले, सन् २०४५ सम्म कार्बन उत्सर्जन शून्यमा पुर्‍याउने अन्तर्राष्ट्रिय प्रतिवद्धता गरेको र साथै सगरमाथा संवादले हिमालय क्षेत्रमा बढ्दो जलवायु सङ्कट र त्यसको असरबारे विश्व जगतलाइ ध्यानाकर्षण गर्दै हिमाल जोगाउन गरेको आह्वानअनुसार यो महाअभियान सञ्चालन गर्न लागिएको हो ।"

यस अभियानले वनबाट समृद्धी, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र वातावरणीय सन्तुलन कायम राख्न महत्त्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ । यसै सन्दर्भमा नेपाल सरकारले भर्खरै नेपाल सवारी साधन प्रदुषण मापदन्ड, २०८२ समेत जारी गरेको छ । महाअभियानबाट कार्बन उत्सर्जन




न्यूनीकरण र अनुकुलनमा योगदान, हिमालय र त्यसको जलाधार क्षेत्रको संरक्षण, वातावरणीय पुनःस्थापना र जैविक विविधता प्रवर्द्धन, रोजगारी सिर्जना तथा स्थानीय समुदायको जीवनस्तर सुधार, भावी पुस्ताका लागि सुरक्षित हरित र समृद्ध वातावरणको निर्माण गर्ने उद्देश्य राखिएको छ ।

महाअभियानमा सङ्घीय स्तरका मन्त्रालय/निकाय, प्रदेश सरकार र अन्तरगतका निकाय, स्थानीय तह, सबै प्रकारका वन समूह तथा सञ्जाल, नागरिक समाज, निजी क्षेत्र शैक्षिक संस्था, सञ्चारमाध्यमलगायत सहभागी हुने उहाँले बताउनुभयो । नागरिकले आफ्ना पूर्वजहरूको सम्झनामा, भावी पुस्ताको सुरक्षित भविष्यका लागि र हामो शान हिमालय जोगाउने सङ्कल्पमा वृक्षरोपण गर्न सक्ने उहाँले बताउनुभयो ।

> **यो महाअभियान एकदिने कार्यक्रम मात्र नभई एक महिनासम्म सञ्चालन हुने वृक्षरोपण अभियान भएको र यसको अभियानको विशेषता अनुकुल समयमा गर्न सकिने, बहुउद्देशीय प्रजाती वृक्षारोपण, वृक्षरोपणसँगै संरक्षणलाई प्राथमिकता, राष्ट्रिय पर्वका रूपमा वृक्षरोपणलाई संस्थागत गर्ने प्रयास रहेको मन्त्री शाहीले उल्लेख गर्नुभयो ।**

यो महाअभियान एकदिने कार्यक्रम मात्र नभई एक महिनासम्म सञ्चालन हुने वृक्षरोपण अभियान भएको र यसको अभियानको विशेषता अनुकुल समयमा गर्न सकिने, बहुउद्देशीय प्रजाती वृक्षारोपण, वृक्षरोपणसँगै संरक्षणलाई प्राथमिकता, राष्ट्रिय पर्वका रूपमा वृक्षरोपणलाई संस्थागत गर्ने प्रयास रहेको मन्त्री शाहीले उल्लेख गर्नुभयो । "यस महाअभियानलाई अभियानको रूपमा सफल बनाउन नागरिक हरूलाई व्यक्तिगत, साँस्कृतिक, पारिवारिक र वातावरणीय प्रेरणासहित वृक्षरोपण र संरक्षणमा सहभागी हुन अनुरोध गरिएको छ," उहाँले भन्नुभयो ।

महाअभियानअन्तर्गत उपयुक्त भूमिमा उपयुक्त प्रजाती वृक्षारोपण गरी त्यसको संरक्षणमार्फत वातावरणीय समृद्धि र जलवायु सङ्कट समाधानमा योगदान पुर्‍याउने विश्वास गरिएको छ । सगरमाथाको टुप्पोबाट उठेको यो हरियाली अभियान हिमालय क्षेत्रको संरक्षण मात्र नभई सम्पूर्ण पृथ्वीका लागि सन्देश बन्ने अपेक्षा गरिएको छ ।

महाअभियान केवल वृक्षारोपण मात्र नभई यो नेपालको कार्बन न्यूनीकरण, जलवायु सहिष्णुता जैविक विविधता र समुदाय-केन्द्रित विकासलाई समाहित गर्ने समग्र राष्ट्रिय कार्यक्रम भएको मन्त्रालयका निमित्त सचिव बुद्धिसागर पौडेलले बताउनुभयो । "यो अभियानले सन् २०४५ सम्ममा कार्बन उत्सर्जन शून्य बनाउने, हिमालय जोगाउने र स्वच्छ भविश्य सुनिश्चित गर्ने लक्ष्य हासिल गर्नेछ," उहाँले भन्नुभयो ।

नेपालको संविधान २०७२ मा प्रत्येक नागरिकलाई स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हक सुनिश्चित गरिएको साथै वन, जङ्गल, वन्यजन्तु, वातावरण तथा जैविक विविधताका विषयहरू सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा समावेश छन् । यसै सन्दर्भमा, आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा सामुदायिक वन तथा राजमार्ग किनार, खोला किनार, पर्ती जमिन, विद्यालय तथा कार्यालय प्राङ्गण, सार्वजनिक तथा निजी जग्गामा फलफूल, जडिबुटी तथा उच्च मूल्यका वनस्पतिको वृक्षारोपण गर्न नागरिक तथा समुदायलाई प्रोत्साहन गरिने उल्लेख छ । सोही विषयका आधारमा समेत यो महाअभियान सञ्चालन गर्ने निर्णय गरिएको मन्त्रालयले जनाएको छ ।रासस

# गणतन्त्रको रक्षा सबैको दायित्व : अध्यक्ष झा



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष तथा राष्ट्रिय समाचार समिति (रासस) का वर्तमान अध्यक्ष धमेन्द्र झाले संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत र सुदृढ बनाउन सबै नागरिकले आफ्नो तर्फबाट पहल गर्नुपर्नेमा जोड दिएका छन् ।

आमसञ्चार प्राधिकरणको आयोजनामा धनुषाको मतलेश्वर स्थित कल्चर मिलेजमा आयोजित तीनदिने पत्रकार क्षमता अभिवृद्धि तालिमको समापन कार्यक्रममा बोल्दै उनले भने, "संघीय लोकतान्त्रिक गणतन्त्र नेपाली जनताको ठूलो संघर्षको उपलब्धि हो । यसको रक्षा गर्नु हाम्रो कर्तव्य हो र यो काम हामी आफैबाट सुरु गर्नुपर्छ ।"

अध्यक्ष झाले संचारकर्मीहरुलाई आफ्ना कलममार्फत जनतामा संघीयताको उपलब्धि पुर्‍याउन र समाज रुपान्तरणमा योगदान दिन आग्रह गरे । उनले भने, "संघीयताको कार्यान्वयन नै सहिदहरुप्रतिको सच्चा श्रद्धाञ्जली हो ।"

कार्यक्रमका क्रममा अध्यक्ष झाले मधेशमा आएका ऐतिहासिक परिवर्तन र संचार क्षेत्रका लागि बनेका विधेयकहरुप्रति चर्चा गर्दै गुनासो पोखेका थिए । उनले भने, "म आफैं मधेशवासी हुँ तर मधेश सरकारले अहिलेसम्म मलाई कहिल्यै सम्झिएको छैन । यसप्रति पीडा छ ।"

तीन दिनसम्म चलेको उक्त तालिममा मधेश प्रदेशभरिका तीन दर्जनभन्दा बढी सञ्चारकर्मी सहभागी भएका थिए। तालिममा प्राधिकरणमा दर्ता भएका अनलाइन न्युज पोर्टलका सम्पादकहरुको क्षमता अभिवृद्धि विषयमा प्रशिक्षण प्रदान गरिएको थियो ।

समापन कार्यक्रममा आमसञ्चार प्राधिकरणका अध्यक्ष जितेन्द्र खडगा, मधेश प्रदेशका मुख्यमन्त्रीका सल्लाहकार अवधेश झा, अग्रज पत्रकार अनिल कर्ण, नेपाल पत्रकार महासंघ मधेश प्रदेशकी उपाध्यक्ष ज्योती झा लगायतको उपस्थिति रहेको थियो ।


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** सामान्य कामबाट राम्रो लाभ उठाउन सकिनेछ ।
**वृष :** अध्ययन अध्यापनमा प्रगति हुनेछ । रमाइलो यात्राको योग रहेको छ ।
**मिथुन :** विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ ।
**कर्कट :** आम्दानी सामान्य भए पनि ठूलो खाँचो टर्नेछ । महेनत गर्दा अवसर भने पाइनेछ ।
**सिंह :** नयाँ व्यवसाय सुरु गर्ने मौका छ ।
**कन्या :** परिवारको सहयोगमा महत्वपूर्ण काममा सफलता मिल्नेछ ।
**तुला :** मन मिल्ने साथी भेटिनुको साथै प्रेमको बन्धन समेत कसिन सक्छ ।
**वृश्चिक :** व्यवसायमा लगानी बढाउने मौका जुर्न सक्छ ।
**धनु :** प्रशंसकहरु बढ्नेछन् र मानसम्मान समेत पाइनेछ ।
**मकर :** पैत्रिक सम्पत्तिको उपयोगबाट थप फाइदा उठाउन सकिनेछ ।
**कुम्भ:** विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ ।
**मीन :** काममा सुधार आउनुका साथै आस मारेको काम बन्नाले उत्साहित भइनेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जनकपुरधामको **जानकी मन्दिर**बाट शुक्रबार श्री जगन्नाथ रथयात्राको नगर परिक्रमा गर्दै भक्तजन । *तस्बिर : रासस*

# स्वास्थ्य स्वयंसेविकालाई साइकल वितरण

सिरहा ।सिरहाको गोलबजार नगरपालिका-१० वडा कार्यालयले स्थानीयस्तरमा स्वास्थ्य सेवा प्रवाहमा सहयोग गर्दै आएका स्वास्थ्य स्वयंसेविकालाई साइकल वितरण गरेको छ ।

वडा कार्यालयको आयाेजनामा आयोजित कार्यक्रममा पाँच स्वास्थ्य स्वयंसेविकालाई एक एक थान साइकल प्रदान गरिएको हो । जिल्ला समन्वय समितिका उपसभापति दिलीप लामाले महिला स्वास्थ्य स्वयंसेविकाको योगदानको प्रशंसा गर्दै वडा कार्यालयले गरेको पहल अनुकरणीय रहेको बताउनुभयो । "स्वास्थ्य क्षेत्रमा स्वयंसेविकाको भूमिका महत्वपूर्ण हुन्छ", उहाँले भन्नुभयो, "यस्तो कार्य अन्य वडाका लागि प्रेरणादायी बन्छ ।"

गोलबजार-१० वडाध्यक्ष उपेन्द्रकुमार मुखियाले साइकल वितरणको उद्देश्यबारे भन्नुभयो, "स्वयंसेविकाले घरदैलोमै पुगेर सेवा दिनुपर्छ ।




उनीहरू टाढाटाढासम्म पैदल हिँड्न बाध्य थिए । अब साइकल पाउँदा उनीहरूको काम सहज र प्रभावकारी बन्ने विश्वास छ ।"

साइकल वितरणले आफूहरुमा कामप्रति अझ बढी उत्प्रेरित हुन सहयोग पुगेको महिला स्वास्थ्य स्वयंसेविकाहरुले बताएका छन् ।

स्वास्थ्य स्वयंसेविका निमा लामाले भन्नुभयो, "हामीलाई घरदैलोमै सेवा दिनुपर्छ । धेरैपटक टाढाटाढा हिँड्नुपर्थ्यो, समय बढी खर्च हुन्थ्यो । अब साइकल पाएपछि हामी सहज रूपमा समुदायमा पुग्न सक्छौँ ।"

अर्की स्वयंसेविका पुजन थापाले भन्नुभयो, "वडाले दिएको यो सहयोगले हाम्रो कामप्रति सम्मान महसुस गरायो । यसले हामीलाई अझ जिम्मेवार र प्रेरित बनाएको छ ।"रासस

## हजारौँ दशनार्थीको सहभागितामा गहवामाई रथयात्रा

वीरगञ्ज । वीरगञ्जको प्रख्यात गहवामाईको तेस्रो रथयात्रा शुक्रबार यहाँ हर्षोल्लाससहित मनाइएको छ । गहवा माई तीर्थ क्षेत्र विकास समितिको आयोजनामा शुक्रबार बिहान ७:३० बजेदेखि रथयात्रा शुभारम्भ गरेर वीरगञ्जका मुख्यमुख्य चोक परिक्रममा गरेर फेरि मन्दिर प्राङ्गणमा आएर रथयात्रा समापन भएको हो ।

बाजागाजा, झाँकी, डिजेसहित रथयात्रा गहवामाई मन्दिर प्राङ्गणबाट सुरु भएर घण्टाघर, रेल्वेरोड, स्वर्गीय गिरिजाप्रसाद कोइरालाको शालिक हुँदै श्रीराम सिनेमाहल विर्तामाई दुर्गा मन्दिर, अलखिया मठमन्दिर, राणीसती, आदर्शनगर, महावीर मन्दिर हुँदै पुनःगहवामाई मन्दिरमा आएर रथयात्रा टुङ्गिएको हो ।

रथयात्रामा हजारौँ श्रद्धालु भक्तजनको उपस्थिति थियो । जसमा महिला, बालबालिका र अन्य समूहका दशनार्थीको घुइँचो देखिन्थ्यो । रथयात्रा आषाढ शुक्ल पक्ष द्वितीया तिथीका दिन गर्ने गरिन्छ ।समितिका अध्यक्ष श्यामकुमार पोखरेलले शुक्रबार भव्य कार्यक्रमबीच गहवामाईको तेस्रो रथयात्रा गरिएको जानकारी दिनुभयो । "विगत दुई वर्षदेखि वीरगञ्जमा ५० हजारभन्दा धेरै दशनार्थीको उपस्थितिमा गहवामाई रथयात्रा गर्दै आइरहेका छौँ", उहाँले भन्नुभयो, "यो वर्ष विगतको तुलनामा धेरै दशनार्थी सहभागिता भएको अनुमान गरेका छौँ ।" जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता किशोर लम्सालले गहवामाईको रथयात्रा शान्त र सौहार्दपूर्ण वातावरणमा भएको जानकारी दिनुभयो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख लोकराज भट्टले गहवामाईको रथयात्रा समापन भए पनि अत्यधिक दशनार्थीको चाप भने विस्तारै घट्ने क्रममा रहेको जानकारी दिनुभयो ।

"अत्यधिक दशनार्थी भएकाले ट्राफिक व्यवस्थापन सहज हुन केही समय लाग्ला", उहाँले भन्नुभयो, "हामी विभिन्न ठाउँ-ठाउँमा खटिएर आवातजावतलाई व्यवस्थित गरिरहेका छौँ ।" समितिले रथयात्रालाई व्यवस्थित र मर्यादित गराउन विभिन्न नौ उपसमिति गठन गरेर व्यवस्थित गरेको जनाएको छ । धार्मिक समन्वय उपसमितिको संयोजक डा पुरुषोत्तम दुवेले यसपालीको रथयात्रामा करिब एक लाख दशनार्थी सहभागी भएको दाबी गर्नुभयो ।

"गहवामाई वीरगञ्जको प्रख्यात गहवामाई प्राचीन महत्वको धरोहर भएकाले पनि रथयात्रा गर्न लागिएको हो", धार्मिक समन्वय उपसमिति संयोजक दुवेले भन्नुभयो, "भारतको जगन्नाथपुरीमा जस्तै गरी वीरगञ्जको गहवामाई मन्दिरको पनि रथयात्रा निकाल्ने परम्पराको विकास गरेका छौँ ।

यसले यहाँको पर्यटकीयस्थलको प्रचारप्रसारमा समेत सहयोगी हुने अपेक्षा गरेका छौँ ।रासस

## राजाजी डाँडाबाट सलहेस सर्किटसम्म :

# लहानको नयाँ पर्यटकीय सपना

सिरहा ।लहान नगरपालिका-१६ मा अवस्थित राजाजी डाँडा अब केवल एउटा धार्मिकस्थल मात्र होइन, एक ऐतिहासिक चेतनाको प्रतीक र पर्यटकीय सम्भावना बोकेको स्थलका रूपमा परिचित हुन थालेको छ । स्थानीयवासीको अपेक्षा, धार्मिक आस्था र नगरपालिकाको योजनाबीचको समन्वयले राजाजी डाँडा एकीकृत धार्मिक पर्यटकीय केन्द्रका रूपमा विकास हुन थालेको हो ।

सयौँ वर्ष पुरानो इँटाको मन्दिर, इनार र खुला डाँडामा रहेको देव हाटजस्ता चिजले राजाजी डाँडाको धार्मिक र सांस्कृतिक महत्त्वलाई अझै बलियो बनाएको छ । जहाँ स्थानीय बासिन्दा पूजापाठ, भाकल, देवता पूजाजस्ता धार्मिक गतिविधिमा सहभागी हुन्छन् । स्थानीय जनविश्वासअनुसार सङ्कटका बेला यहाँको देवता राजाजी बाबालाई पुकार्दा कल्याण हुन्छ, चिताएको पूरा हुन्छ ।

लहान-१६ का वडाध्यक्ष गडुलबहादुर जर्घामगरका अनुसार पौराणिककालमा यस डाँडामा राजाको दरबार रहेको र यहीँबाट राजकाज सञ्चालन हुने गर्थ्यो भन्ने किंवदन्ती रहेको मानिन्छ । अहिले जनविश्वासमा रहेका राजा सलहेस, वस्तुतः त्यही दरबारका प्रधानमन्त्री थिए । "सलहेसका गुरु नै राजाजी थिए । जसको नाममा आज यो डाँडालाई चिनिन्छ । यही भाष्य नै जनमानसमा व्याप्त रहेको छ । यसलाई विश्वास पनि गरिन्छ र त्यसको विश्वासिलो आधार पनि भेटिन्छ", वडाध्यक्ष जर्घामगर बताउनुहुन्छ ।

स्थानीय वृद्धहरूका कथनअनुसार यो डाँडामा पहिले इँटाका ठूलाठूला पर्खाल थिए, जुन सयौँ वर्ष पुराना हुन् । "हामीले थाहा पाउँदासम्म हजुर बुबाको पालादेखि त्यस्तै थियो", ७३ वर्षीय वडाध्यक्ष गर्जामगर सम्झिनुहुन्छ । उहाँका अनुसार कसले र कहिले निर्माण गर्यो भन्नेमा अझै स्पष्टता छैन, जसकारण यसलाई पौराणिककालदेखिको संरचना मानिन्छ । कुनै लिखित दस्तावेज नभए पनि उनीहरूको कथा, कर्मकाण्ड तथा पुस्तौँदेखि चलिआएको पूजा परम्पराले यसको पौराणिक पक्षलाई स्पष्ट पार्दछ ।

आज पनि ती पुराना इँटा यथावत छन्, तर संरक्षणको अभावमा अवस्था दिनप्रतिदिन जीर्ण हुँदै गएका छन् । यति पुरानो संरचना र वस्तुको अनुसन्धान पुरातत्व विभागले यथाशीघ्र प्रक्रिया अघि बढाउनुपर्ने वडाध्यक्ष गर्जामगरको मत छ । "दुर्भाग्यवश, ऐतिहासिक महत्त्व हुँदाहुँदै पनि यस क्षेत्रको प्रचारप्रसार नहुँदा यो सम्पदा लामो समयसम्म ओझेलमा रह्यो । अहिले भने स्थानीय तहको पहलमा यस क्षेत्रको विकासले गति लिन थालेको छ । हालै रु २५ लाख लागतमा राजाजी डाँडामा गहवर मन्दिर निर्माण भइसकेको छ, जसले पर्यटकलाई थप आकर्षण गर्ने विश्वास लिइएको छ", उहाँले भन्नुभयो ।

राजाजी डाँडाको संरचना, सलहेससँगको सम्बन्ध र यसको पुरातात्विक सम्भावनाले यसलाई केवल सिराहा जिल्लाको मात्र होइन, सम्पूर्ण तराईको सांस्कृतिक र ऐतिहासिक धरोहर बनाउने सम्भावना देखिएको छ । पहिले यहाँ पुग्नका लागि एक घण्टाभन्दा बढी पैदल उकालो चढ्नुपर्ने बाध्यता थियो । चुरे उकाली-ओराली पार गर्दै, श्रद्धालुहरू हरेक वर्ष असारमा असारी पूजा गर्न राजाजी डाँडा पुग्थे ।

यसबीचमा स्थानीयको विस्वास र आस्थालाई धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सकिने सम्भावना देखिन थालेपछि पहिलोपटक २०७८ सालमा निवर्तमान नगरप्रमुख मुनि साहको नेतृत्वमा डाँडासम्मको ट्र्याक खोलिएको थियो । त्यसपछि चुरे फेदमा रहेको झिझरी खोला पार गरेर झण्डै पाँच किलोमिटर चुरेको उकालो हुँदै राजाजी डाँडासम्म मोटर पुग्न थालेको हो । जसले गर्दा स्थानीयलाई धार्मिक पूजापाठ गर्नलाई सहज बनाएको छ । स्थानीय देवेन्द्र यादव भन्नुहुन्छ, "डाँडासम्म जाने मोटरबाटो बन्छ भनेर कहिल्यै सोचेका थिएनौँ । अहिले ट्र्याक खुलेपछि अब बुबाआमासँगै सजिलै डाँडा पुगिन्छ । यस बाटोलाई अझ सुधार गरी व्यवस्थित गरे झन् सहज हुने थियो । आन्तरिक पर्यटनको पनि विकास हुने थियो ।"


लहानस्थित पूर्वपश्चिम राजमार्गबाट करिब १५ किलोमिटर उत्तर चुरे क्षेत्रको उच्च बिन्दुमा अवस्थित राजाजी डाँडाबाट सिराहा, सप्तरी र उदयपुरका विभिन्न भूभागका समथल फाँट र भूदृश्यहरूको मनोरम दृश्य देख्न सकिन्छ । यहाँबाट देखिने हरियाली, खेतबारी, गाउँबस्ती र फाँटहरूको समिश्रित दृश्यले जोकोहीलाई मोहित तुल्याउँछ । विशेषगरी गर्मीको समयमा उखरमाउलो तातोबाट राहत खोज्न मानिस यहाँ पुग्ने गर्छन् । सबैभन्दा नजिकको उच्च बिन्दु भएकाले राजाजी डाँडा आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्ने देखिन्छ ।

यस अपूर्व सम्भावनालाई ध्यानमा राख्दै लहान नगरपालिकाले यसको पूर्वाधार विकासलाई प्राथमिकता दिएको छ । नगरप्रमुख महेशप्रसाद चौधरीका अनुसार चालु आर्थिक वर्षमा राजाजी डाँडामा रु २५ लाख लागतमा नयाँ गहवर मन्दिर निर्माण सम्पन्न भइसकेको छ भने आगामी आव २०८२/८३ मा झिँझरी खोलाबाट राजाजी डाँडासम्मको बाटोमा पैदल हिँडेर पुग्न चाहनेका लागि सिँढी निर्माण गर्न थप बजेटको व्यवस्था गरिने योजना बनाइएको छ । नगरप्रमुख चौधरी भन्नुहुन्छ, "राजाजी डाँडा आज आस्था, इतिहास र पर्यटनको त्रिवेणी बन्दै गएको छ । समयमै संरक्षण र प्रवर्द्धन गर्न सकिए यो स्थल मधेस प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्य बन्नेमा कुनै शङ्का छैन । त्यसैले राजाजी डाँडालाई धार्मिक र पर्यटकीय हब बनाउने हाम्रो दीर्घकालीन योजना हो ।"

राजाजी डाँडा आज एक स्थान, अनेक सम्भावना बोकेको थलो बनेको छ । धार्मिक आस्था, ऐतिहासिक गौरव, सांस्कृतिक धरोहर र प्राकृतिक सौन्दर्यको अनुपम सङ्गम बनेको छ । यसलाई संरक्षण र प्रवर्द्धन गर्न सके भविष्यमा प्रदेशस्तरको प्रमुख पर्यटकीय गन्तव्य बन्न सक्ने प्रबल सम्भावना बोकेको छ । यसै हप्ताको आइतबार उक्त राजाजी डाँडा पुगेर कुँदिएको शिलालेखको उद्घाटन गरी नेपाली झण्डा फर्फराउँदै नगरप्रमुख चौधरीले भन्नुभयो, "राजाजी डाँडालाई मात्र होइन, लहानको सलहेस फूलबारी, ब्रह्मनस्थान, मानिक दह, देवी दह, हात्ती दहसँग जोडेर सलहेस सर्किट निर्माण गर्ने हाम्रो गुरुयोजना छ ।"

> लहान-१६ का वडाध्यक्ष गडुलबहादुर जर्घामगरका अनुसार पौराणिककालमा यस डाँडामा राजाको दरबार रहेको र यहीँबाट राजकाज सञ्चालन हुने गर्थ्यो भन्ने किंवदन्ती रहेको मानिन्छ ।

यस योजनाअनुसार सलहेसले फूलबारीमा फूल टिप्ने, मानिक दहमा स्नान गर्ने, ब्रह्मानस्थानमा कुस्ती खेल्ने, पकडिया



गढमा न्याय दिने र अन्न भण्डारण गर्ने तथा गर्मीको समयमा राजाजी डाँडामा शीतल हावा लिने कथालाई आधार बनाइन्छ । "यी सबै धार्मिक कथन र स्थानलाई जोडेर लहानलाई पर्यटकीय नगर बनाउन सकिन्छ । त्यसकै लागि अब संरचनागत विकास सुरु गरिएको हो", नगरप्रमुख चौधरीले भन्नुभयो । चुरे क्षेत्रको डाँडामा विकासको पाइलासँगै प्राकृतिक सन्तुलन र सांस्कृतिक संरक्षणलाई ध्यानमा राख्नु आवश्यक छ ।

स्थानीय जनआस्था, मौलिक कथन, धार्मिक अभ्यास र पर्यटकीय सम्भावनाको सङ्गम रहेको यो क्षेत्रलाई सन्तुलित विकासमार्फत नेपालकै उदाहरणीय धार्मिक-पर्यटकीय गन्तव्य बनाउन सकिन्छ भन्ने विश्वास नगरपालिकाले लिएको छ । सलहेससँग जोडिएको पौराणिक कथा, पुराना संरचना र चुरे क्षेत्रको प्राकृतिक सौन्दर्यतालाई जोडेर यसलाई अद्वितीय बनाएको छ । पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वको सरकारले घोषणा गरेको बृहत् सलहेस पर्यटकीय क्षेत्रअन्तर्गतका सलहेस फूलबारी, पकडियागढ, देवीदह र ब्रह्माण फूलबारी सांस्कृतिक सम्पदाभित्र सूचीकृत गरिसकिएको छ । यी सम्पदाको संरक्षण र प्रवर्द्धनमार्फत यस क्षेत्रको सांस्कृतिक पुनर्जागरण, मौलिक संस्कृतिको यात्रा र स्थानीय पहिचानको पुनर्निर्माणको अवसर देखिएको छ ।

### सलहेस फूलबारी

प्रेमको प्रतीक भई नयाँ वर्षका दिन मात्र फुल्ने माला आकारका सुनाखरी फूल हेर्न र मन्दिरमा पूजापाठ गर्न ऐतिहासिक धार्मिक पर्यटकीय क्षेत्र सलहेस फूलबारीमा वैशाख १ गते भव्य मेला लाग्ने गर्दछ । लहान नगरपालिका वडा नं १२ र २२ मा पर्ने यस फूलबारीमा हरेक वर्ष वैशाख १ गते फुल्ने सुनाखरी फूललाई सलहेस बाबा र मालिनीको मिलनको प्रतीक मानिन्छ । पुराना किंवदन्तीअनुसार यो फूलबारी सलहेसको दरबार क्षेत्रभित्र पर्थ्यो । अहिले पनि यहाँ लाखौँ श्रद्धालु भेला हुने फूलबारी मेला लाग्छ, जसले यसलाई जीवित सांस्कृतिक सम्पदाका रूपमा चिनाउँछ ।

फूलबारी मेला तराईको मौलिक सांस्कृतिक सम्पदाको जीवित उदाहरण हो, जहाँ लाखौँ श्रद्धालु जम्मा हुन्छन् । यसको संरक्षण र प्रवर्द्धनले स्थानीय पहिचान र सांस्कृतिक गर्वलाई अझ बलियो बनाउन सक्नेछ । सलहेस तराईका पासवान जातिको इष्टदेव रहेको र चौधौँ शताब्दीका लोकनायक भएकाले सलहेसको पूजाअर्चना गर्नाले सन्तानप्राप्ति, चर्मरोग, कुष्ठरोगलगायत समस्या हरण हुने जनविश्वास पनि छ ।

### पकडियागढ

लहान नगरपालिका-१८ मा अवस्थित पकडियागढ ऐतिहासिक, धार्मिक र सांस्कृतिक दृष्टिले महत्त्वपूर्णस्थल हो, जुन सलहेस सर्किटअन्तर्गत पर्दछ । हरेक वर्ष वैशाख २ गते यहाँ लाग्ने मेलामा नेपालका विभिन्न भूभागसहित छिमेकी भारतबाट पनि हजारौँ दर्शनार्थी भेला हुने गर्छन् ।

जनश्रुतिअनुसार, यो स्थल प्राचीन समयमा राजा कुलेश्वरको दरबार रहेको थियो । राजाकी छोरी चन्द्रावती यही फूलबारीमा डुल्ने गरेको विश्वास गरिन्छ । मेलाको विशेष आकर्षण भनेको चोहरमलले खनेको भनिने सुरुङ, जसलाई हेर्न आउनेहरूको भीड लाग्ने गर्छ ।

पकडियागढ परिसरभित्र रहेको सार्वजनिक पोखरी संरक्षणको अभावमा विगतमा जीर्ण अवस्थामा पुगेको थियो । फोहर र संरचनात्मक बेवास्ताका कारण त्यहाँको आगमन घट्दो थियो । तर, पछिल्लो समय मधेस प्रदेश सरकारको सौन्दर्यकरण योजनाअन्तर्गत रु ४० लाखको लागतमा पोखरीको पूर्व र दक्षिणतर्फ घाट निर्माण, बाउण्ड्री वाल, स्टेडियम लाइट र मन्दिर परिसरमा पिसीसी ढलानजस्ता संरचना निर्माण गरिएको छ । यसले गर्दा विवाह, व्रतबन्धजस्ता सामाजिककार्य सहज भएका छन् र साथसाथै पोखरीको संरक्षण र धार्मिक पर्यटन प्रवर्द्धनमा पनि टेवा पुगेको छ ।

### देवीदह

लहान नगरपालिका-१७ मा अवस्थित एक ऐतिहासिक, प्राकृतिक र धार्मिक दृष्टिले पूजनीय स्थान हो देवीदह । पूर्वपश्चिम राजमार्गबाट करिब छ किलोमिटर उत्तरमा रहेको यो दह सिराहा र सप्तरीलाई छुट्याउने बलान नदी किनारमा फेला पर्छ । स्थानीय जनश्रुतिअनुसार त्रेतायुगीन समयदेखि यहाँको पानीमा स्नान गर्दा रोगव्याधि हटेर जान्छ भन्ने विश्वास गरिन्छ । त्यस्तै, मनमा उत्पन्न हुने शङ्काले भरिएको घाउ निको हुने विश्वास व्यापक छ । तर, बजेट अभावमा पोखरीको संरक्षण, सवर्द्धन तथा वरिपरिका भौतिक संरचना जीर्ण बन्दै गएको छ । यस दहको धार्मिक तथा पर्यटकीय महत्वलाई पुनर्स्थापित गर्न सरकार र स्थानीय तहबाट बजेट र पहल आवश्यक छ ।

### मानिक दह

लहान नगरपालिका-२४ मा अवस्थित मानिक दह केवल प्राकृतिक जलासयमात्र होइन, सलहेस सर्किटअन्तर्गत पर्ने एक प्राचीन धार्मिक तीर्थस्थल हो । जुन विशेषतः सलहेससँग जोडिएको पौराणिक विश्वासका कारण स्थानीय जनजीवनमा गहिरो आस्था बोकेको छ ।

जानकारका अनुसार सलहेस बाबा यही दहमा स्नान गर्ने गर्दथे भन्ने धार्मिक विश्वास छ । यही कारणले हरेक वर्ष वैशाख १ गते यहाँ बृहत्तर मेला लाग्ने गर्छ, जहाँ सिराहा, सप्तरी, उदयपुरलगायत तराईका विभिन्न जिल्लाबाट हजारौँ श्रद्धालुको आगमन हुन्छ । मानिक दह करिब १७ बिघामा फैलिएको विशाल जलासय हो । चारैतिर हरियाली, मन्दिर र पवित्रताले भरिएको यो स्थलले धार्मिकमात्र होइन, प्राकृतिक सौन्दर्यको अनुभव पनि प्रदान गर्छ ।

दहको दक्षिणी भागमा डिहबारको मन्दिर, घाट निर्माण र डिल (किनारा) मर्मतका लागि हालसम्म रु ७० लाखभन्दा बढी नगरको बजेट खर्च भइसकेको छ । साथै पश्चिम भागमा सलहेस मन्दिर निर्माण गरिएको छ, जसले यस क्षेत्रको धार्मिक पहिचानलाई थप मजबुत बनाएको छ । यहाँको पानीमा स्नान गरेपछि रोगव्याधि हट्ने र भाकल गरेमा मनोकामना पूरा हुने जनविश्वासले मानिक दहलाई स्थानीय धार्मिक आस्थाको केन्द्र बनाएको छ ।

### राजदेवी मन्दिर

त्यसैगरी, नगरपालिकाको १५ नं वडामा अवस्थित राजदेवी माताको मन्दिर भाकल पूरा गर्ने भगवती देवीस्थानको रूपमा परिचित छ । वैशाख पूर्णिमाका दिन बोकासहित चार प्रकारका पशुपन्छीको बलि दिइन्छ, जसमा १० हजारदेखि २० हजार बोकासम्म बलि दिने चलन छ । उक्त मन्दिरमा बली चढाए भाकल पूरा हुने जन विश्वास रहेको छ । स्थानीय र प्रदेश सरकारले सडक सुगम-बनाउने, धर्मशाला र पार्क निर्माण साथै मन्दिर परिसरको सौन्दर्यीकरणमा काम गरिरहेको छ ।

स्थानीय, प्रदेश तथा नेपाल सरकार र यस क्षेत्रमा क्रियाशील सरोकारवाला सङ्घसंस्थाले लहानको पर्यटकीय नगरी 'सलहेस सर्किट'को व्यवस्थापनका लागि एकीकृत गुरुयोजना बनाएर काम गर्नसके आन्तरिक एवं बाह्य पर्यटकलाई आकर्षित गरी व्यापारिक तथा धार्मिक दृष्टिले समुचित लाभ लिन सकिने भएकाले यस क्षेत्रमा उचित ध्यान दिनुपर्ने मानवअधिकारकर्मी राजकुमार राउतको भनाइ छ ।

"एउटै नगरपालिकाभित्र यति धेरै ऐतिहासिक र पुरातात्विक स्थल हुनु नै लहानको धार्मिक पर्यटन सम्भावनाको प्रमाण हो", राउतले भन्नुभयो, "यदि लहान नगरपालिकाले यी सम्पदाको संरक्षण र समुचित विकास गर्न सके, यो नगरपालिका निकट भविष्यमा देशकै एक समृद्ध धार्मिक-पर्यटकीय गन्तव्य बन्नेछ ।"रासस


## नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०३/१४ गते**

कम्पनी रजिष्ट्रको कार्यालयको मिति २०८२/०३/०५ को संचालन समितिको बैठकको निर्णय तथा कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको च.नं. कम्पनी प्र./७३५५५ मिति २०८२/०३/०५ को पत्र अनुसारको निर्णयबाट लर्न गोल्डेन स्कुल, सिरहा न.पा.-३, सिरहाको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्न व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको प्रा.लि.ले तिर्ने व्यहोर्ने गरी साबिक नाम परिवर्तन गरी भिजन एकेडेमी, सिरहा न.पा.-७, सिरहा कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**भिजन एकेडेमी, सिरहा न.पा.-७, सिरहा**

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। गाउँको सम्झना ।।

सम्झन्छु म त्यो गाउँ सानो,
जहाँ हरपल थियो माया र छायाँको कानो।
आमाको हातको ढिँडो, बाबुको कथा रातभरिको,
जिवन थियो सरल, तर आत्मा भरिएको।
गोठमा गाई बथान थिए,
आँगनमा खेल्दा बालापन सधैँ रमाइला थिए।
काँधमा झोला, स्कुलको बाटो,
कुहिरोले ढाकेको बिहान त्यो मिठो।
चौतारोको गफ, पिपलको छाँया,
मित्रको साथ, अनि चिसो खोलाको माया।
दसैंको पिङ, तिहारको दियो,
गाउँको हरेक चाड थियो स्वर्गजस्तै रमाइलो।
अब शहरको भीडमा छु म,
तर मुटुमा गाउँ नै बस्छ, त्यही पुरानो सपनामा।
जहाँ बिना लोभ बाँचिन्थ्यो जीवन,
समयले लियो गाउँबाट टाढा,
तर सम्झनाले राख्यो सधैं भित्र नजिकको माया।



**नाम: खुशी कालिकोटे**
**घर : ओखलढुंगा**
**हाल: जनकपुर**

## ।। बा तिम्रो मेहनतको सलाम ।।

बा तिम्रो मेहनत को सलाम छ
न दिन बुझ्छौ न रात हरदम
तिमी मेहनत मजदूरी गर्छौ
हामीहरुको इच्छ्छा आकंक्षा
पुरा गर्छौ आफै लाउछौं फाटेको
कपडा हामीलाई नया दिलाउछौ
बा तिम्रो मेहनत को सलाम छ
जति भन्दानी मान्दैनौ झुठ बोल्न
नी जान्दैनौ मैले दश रु. माग्दा बिस
दिनु हुन्छ बा बजार जादानी हमी लाई
केके लाई दिनु हुन्छ आफु चाहि एक कप
चिया खानु हुन्न बा तिमी कति महान
जति दुख परेनी बा कसै लाई सुनाउ दैन
आफ्नो इमन्दारी बा घटाउदिन बा तिमी
कति महान
टन्टलापुर घाम मा बा हल्लो जोतनु हुन्छ
खेति किसानी गरेर बा हामी लाई पालेको
हुन्छ बा तिम्रो मेहनतको सलाम



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार दोहा कतार**

## ।। लैंगिक समानता तथा महिला हिंसा ।।

समान भाव लिएर नारी पुरुष जुटौं
समानताको हक ल्याउन अब नछुटौं
लैङ्गिक समानता सबैको अधिकार
हिंसा हैन अब बराबर गरौं सम्मान
नारी पुरुष बराबर सडकमा कति रटने
शोषण हिंसा बलात्कार अब कहिले हटने
नारीलाई सम्मान गरे घर स्वर्ग बन्छ
छोरी बुहारी एकै हुन समाजले भन्छ
नारीको पहिचान हुन्न लगाउदैमा सारी
काँधमा बोकेर हिडेका छन् लाखौं जिम्मेवारी
नारीलाई किन हो यति कमजोर ठानेको
देख्दैन्न यो संसार मिठो ममताले बानेको
बाहिर जागिरमा जानु नै हुन्न भन्छन्
धेरैको नारी परिवारमा दासी नै बन्छन्
सचेत नभएर हिंसा बेहोर्नु परेको छ नारीले
घरमै बस्नु पर्ने बाध्यता छ घुम्टो ओडेर सारीले
महिला हिंसा विरुद्ध ज्ञान छरौं
समान हकको लागि केहि गरौ
महिलाहरु हिंसामा नपर्नु
खराब काम कसैले नगर्नु
नारी उठौ जागौ गाउ बस्तीबाट उठौ
अन्याय र नारी हिंसा अन्त्य गर्न जुटौं
समाजमा नारी हिंसा सधैं हुन्छ बलात्कार
राष्ट्रिय नारी हुँदा रोक्न लागौं लगातार
एकै तराजुमा तौल जोखिएको थियो
महिला भन्दा पुरुषलाई मान दियो
नरनारीले चलाएको यो हाम्रो सार
सबै मिलेर महिला हिंसा गरौ पार ‼



**राजन दास**

## ।। उमेर घाटी रहेछ, बोझ बढी रहेछ ।।

उमेर त एक थुनिएको नदी जस्तै रहेछ,
जहाँ हिजोका सपनाहरू बग्दै गएका छन् चुपचाप।
आशाका तीरमा घाम झैँ झल्किने ती नजरहरू,
आज समयको पखेटामा थाकेर बसेका छन् ओइलिएर।
सानोमा त सोच्थेँ – ठूलो भए सब सजिलो हुन्छ,
दुनियाँ बुझिन्छ, र सबै कुरा मिल्छ।
तर उमेर बढेपछि पो थाहा भयो,
बाँच्न सजिलो छैन – मुस्कानहरू पनि ऋणमा आउँछ।
काँधमा चढेका छन् कर्तव्यका पहाडहरू,
मस्तिष्कमा चिच्याइरहेका छन् अघोर सपनाहरू।
अनि मुटु?
मुटु त जतिखेर भावुक हुन्छ,
त्यतिखेर न आँसु सन्देश बन्छ,
न मौनताले शान्ति दिन्छ।
हिजोका साथीहरू – अब जीवनका दौडमा हराइसके,
कतै कामको भीडमा, कतै दूरीको पीडमा।
हिजो जसका काँधमा रुँदा थियौं,
आज ती काँधहरू आफैँ थाकिसके – आफ्नै बोझले।
बुझ्दै जान्छु,
उमेरसँगै भोगाइले मान्छेलाई पगाल्छ,
भित्रभित्रै कत्ति चोट खाएर पनि,
बाहिर उज्यालो देखाउने अभिनय गरिन्छ।
यो अभिनय हैन जीवनको रणनीति हो –
किनभने साँचो पीडा देखायो भने
दुनियाँ हाँस्ने डरले धेरै कुरा नलुकाई सुख छैन।
ममतामयी आमा अब आँखाको छेउ छैनन्,
शब्दजस्तै सम्झनामा बाँकी छन्।
बुबाको अनुशासन अब म आफैँ बनेको छु,
छोरी/छोरा या परिवारको लागि बाँच्ने उत्तरदायित्वको स्वरूपमा।
हो –
उमेर घाटी रहेछ, जहाँ फर्केर हेर्न पाइँदैन,
बोझ बढी रहेछ, जसलाई बोकेर पनि केही भन्न पाइँदैन।
तर पनि…
यही जीवन, यही संघर्ष –
सपना पूरा गर्ने एउटा एक्लो बाटो पनि त हो।
त्यसैले त,
थाकेँ भने थोरै बिसाउँछु,
आशाले बाँधिएको आत्मा लिएर फेरि उठ्छु।
किनकि हरेक सासमा –
अझै बाँकी छ एउटा नयाँ बिहानको भरोसा।



**लेखक:दिलीप कुमार दास**
**ठेगाना:धनुषाधाम -४ लक्ष्मीपुर**

## ।। अंशा ।।

मर्नलाई सब आतुर देखिन्छ
किन होला बाँच्ने ढङ्ग छैन कि
जिउने रहर हराइसकेको छ कि
कुनै शोषण वा उत्पीडनमा छौ कि
सल्लाह लिनुपर्छ आफ्नो मिल्ने मित्रसँग
बाँच्ने रहर उत्पन्न गर्नुपर्छ आफ्नो मनभित्र
गर्नुपर्ने काम कर्तव्यमा चासो लिनुपर्छ
युवा युवती देखि वृद्धवृद्धा टिकटक हेर्दै बनाउँदै व्यस्त
उत्तराधिकारी घरको लागि कमाउँदै स्वस्थ्य छैन
कमाउने होडबाजी हुनुपर्छ न कि रमाउने तरखर
जीवनमा २४ घण्टा
८ घण्टा काममा आयस्रोत भित्र्याउनमा
आठ घण्टा आराम फर्माउनमा
बाँकी आठ घण्टा केही अघि भविष्य निर्माणमा लगाउ नित्यकर्म
मा बिताउ
आफ्नो छवि बनाऊ
जीवन छोटो छैन तर यात्रा लामो छ
मृत्यु सबैको लागि अटुट सत्य हो तर
जीवन हाम्रो लागि सर्वोत्कृष्ट वरदान हो
यसलाई कार्यक्षेत्रमा लगाउनुपर्छ
शिक्षा र सिकाई निरन्तर चल्ने प्रक्रिया हो
शिक्षाबाट पाएका ओहोदा तथा श्रम र रोजगारबाट पाएको पैसा
बहुमूल्य हुन्छ
किसानीको मोल र शैक्षणिक कला कौशलको ढोल सबैले
बजाउनुपर्छ
हत्या हिंसा अराजकता आत्म दाह
यी सब उच्सृङ्खल कार्य हुन्
यो कदापि गर्नु हुँदैन
तनावमा छौ भने रमाउन खोज
असल मित्रसँग मन साट्ने गर
आफ्नो परिचय समाजमा आफ्नै काम कर्तव्यले बन्छ
बाँच्नु नै पर्छ आफ्नो यो अमूल्य जीवनलाई सार्थक बनाई नै यो
दुनियाँबाट अल्विदा हुनुपर्छ



**कवि प्रमोद राम**
**जनकपुरधाम ९**

## ।। गर्मी मे गाछी के बचपन ।।

गर्मी मे ओ गाछी सुखद ठाम,
जहिया बालपन रहै चुपचाप।
आामक गाछ तले चउकी पर बैसी,
सुनै छलियौ दादीक कथा आ कहानी।
पीपरक पात सरसर बजै,
जैन बाजै कियो बाँसुरी।
लिची आम झडै चपके सक,
कतेक रास रहै ओ बात सुरी।
नाँगबा झाडीक ओ घुमघाम,
लुकवा छिपी आ गाछ चढै खेल।
घाम लागै त कुडि माटिकेँ,
पनि पीबै छलौ फेर सस्तेल।
माटिके खुशबू घामक मिठास,
छाँह आ घुरनिसँ भरल रहै मन।
ओ बचपन , ओ गाछीक ठाम,
आबो समये कहै, "चलु फेर बन"।
हमर बचपन ऊ गाछक सँग ,
जत न गर्मी छल , न कोनो दुःख।
ओहि ठाम जहिया हावा बजै छल,
जीवन रहै मधुर-कोमल सुख।



**नाम : समिर पटेल**
**घर : सर्लाही कौडेना गा पा १ सुखचौना**

## ।। बाँकी नै बाँकी रहेको जिन्दगी ।।

हो मित्र छुट्टीमा घर जान बाँकी नै छ।
आमाको हातको खाना खान बाँकी नै छ।
बुबाको ताना सुन्न बाँकी नै छ।
,दाइको गानामा झुम्न बाँकी नै छ।
सबै एकसाथ बसेर रमाउन बाँकी नै छ।
आफ्नो मेहनतले आफ्नो सपना सजाउन बाँकी नै छ।
जिन्दगीको बाटोमा हराउन बाँकी नै छ।
आमाबुवा र आफ्नो मन को सपना सजाउन बाँकी नै छ।
बाँकी नै बाँकी रहेको जिन्दगीमा अझै बाँच्न बाँकी नै छ।
आफ्नो पैसाले घर। आफ्नो परिवारसँग बसेर रमाउन बाँकी
नै छ। बिहानको १० बजेदेखि बेलुकाको ५ बजेसम्म आफ्नो
कार्यालयको चक्कर काट्न बाँकी नै छ।
आफ्नो सपना पूरा गर्न बाँकी नै छ।
हो मित्र छुट्टीमा घर जान बाँकी नै छ।
जाउँ कि नजाउँ भन्ने उल्झन झैं भएको छ। घरबाट आमाको
फोन आउन बाँकी नै छ। आफ्नो मेहनतले सपना सजाउन बाँकी।
दाइको बिहे भाइको पढाइ बाँकी नै छ। हो मित्र यो जिन्दगी
अहिले बाँकी नै छ।



**नाम :-किशन महरा (कानुनको विधार्थी)**
**क्षिरेश्वरनाथ न.पा - ७, धनुषा।**

## ।। गजल ।।

अहि सँ दिन अहि सँ रात रहित।
अहि सँ धूप अहि सँ बरसात रहित ।।
कास आहाके जात मे जन्म भेल रहित।
कुछ शब्द हमरो कहेके औकात रहित ।।
आत्मा के सुकून मिलित एक स्पर्श सँ।
कास हमर ललाट पर आहा के हात रहित ।।
जिनगी स्वर्ग सँ भी सुन्दर बैन जितै।
कास यै पागल के आहा के साथ रहित ।।
अपन दिलक खुन सँ आहा के माँग भैरति।
कास आहा के आँगन मे हमर बरात रहित ।।
दु शरीर भले ही मुदा एक ही प्राण रहित।
अपन प्रेम कहानी के कुछ अलग बात रहित ।।
नै उचनिच भेदभाव नै जात कुजात रहित।
मानव के मानव सँ केवल 'मानव' जात रहित ।।



**लेखक :- लक्ष्मण 'मानव'**
**ठेगाना :- लक्ष्मीनियाँ गा. पा.- १ , सिनुरजोडा**
**धनुषा ( नेपाल )**

## ।। गजल ।।

हमर जिनगी में भोर कहिया हेतै
हमर करनी' कें शोर कहिया हेतै
डुबल रहै छी प्रेम'क अन्हरीया में
अन्हार ह्रदय में अँजोर कहिया हेतै
दुख्ख पीडा सँ भरल इ तन-मन
मुस्कान भरल ठोर कहिया हेतै
अपनो सँ आइ जँ टुइट रहल छी
सब'कें जोडबक संगोर कहिया हेतै
काइनो नै सकल हमरा हालपर ओ
ओकरा आइख में नोर कहिया हेतै



## ।। कृषि हाम्रो शान ।।

(असार १५ - राष्ट्रिय धान दिवस र कृषि दिवस विशेष)
असार पन्ध्र, वर्षा संगै आयो,
धान रोपाइँको रमझम ल्यायो।
माटो, मल र पसिना बगाएर,
किसानले देशलाई अन्न दिइरहेछ प्यारो।
निमोतो खेत, हरियो छाता,
गोरुजुट र हलले सजिएको बाता।
माईतीघरमा गीत गुञ्जन्छ,
धानको बीउले आशा फिजाउँछ।
कृषि हाम्रो जिवन र गति,
किसान बिनाको छैन समृद्धि र सन्तति।
श्रम उनको, फल हामी सबैको,
सम्मान गरौं, यो योगदान ठुलो।
भोलिका दिन अझ उज्यालो बनाउ,
कृषिमा नवप्रविधि ल्याइ खेत फुलाऔं।
कृषकको हातमा समृद्धिको चाबी,
कृषि हो हाम्रो देशको असली सम्पत्ति



**लेखक अंकित कुमार पाठक**
**सहिदनगर ना पा ०१ टोल बेमाराखि**

## 'मधेसको पीडा'

धर्ती सोझो, मन सरल – तर हे, मधेस रोइरहेछ,
जातको नाममा छोरा-छोरी सपना गुमाइरहेछ।
पसिनाले सिँचेको त्यो उब्जनी भूमि,
तर छुवाछूतको रीतमा अझै चोखो नसम्झिने भूमि।
कसैले भने – "तँ चमार", कसैले – "मुसहर",
कसैले – "तँ तल्लो जात, तेरो होइन अधिकार।"
स्कूलको ढोकामा, कुँवाको पानीमा,
मानवता हार्छ – तिमी जन्मिएको पहिचानमा।
कसरी बनाउँ सपना, जब नामले नै सानो बनाइन्छ?
कसरी बढौं अघि, जब रगतमा पनि जात खोजिन्छ?
मधेस भन्छ – "हामी नेपाली हौं",
तर किन छ नक्सामा पनि हाम्रो भाग छुट्टै लेखिन्छ?
छुवाछूत त कानुनले बन्द गऱ्यो रे,
तर व्यवहारमा अझै अपमानको बोझ कहिले झर्छ रे?
जातीय घाउले पोलिरहेछ शरीर मात्र होइन,
यो त मनको चिहान हो – जहाँ समानता गाडिएको छ गहिरो।
अब पुगिसक्यो –
कसम लिऊँ, नहेर्ने कोही तल या माथि,
शिक्षा फैलाऔँ, बनाऔँ चेतनाको साथि।
मधेस हो या पहाड – सबैको सपना एउटै,
इज्जत र अधिकार – जात नभएर मानवतामा हो टेकेकै।



**पप्पु कुमार यादव**
**सुनसरी,हाल- पेनाङ(मलेशिया)**

## ।। समग्र शिक्षा सुधार ।।

शिक्षा हो उज्यालो बाटो, ज्ञानको महान् आधार,
समग्र सुधार गरौं अब, बनाऔं सबल परिवार।
कागजको पढाइ मात्र होइन, जीवनसँग हो मेल,
सीप, व्यवहार र बानी, बनून् शिक्षा को खेल।
विद्यालय हो सीप केन्द्र, पुस्ता बनोस् जागरूक,
पढाइसँगै सँगै होस्, सोच र व्यवहार सुदृढ।
शिक्षक बनून् प्रेरक पात्र, बालकको भविष्य बनाउने,
समान अवसर होस् सबैलाई, नदुखो कसैको सपना झर्ने।
पाठ्यक्रम होस् व्यवहारिक, प्रविधि र ज्ञानसँग होस् मेल,
गाउँदेखि शहरसम्म पुग्न, शिक्षा होस् सस्तो र हेल।
गरिब, धनी, सबैका लागि, शिक्षा होस् सहज र सुलभ,
समग्र सुधारको अभियान, बनाऔं अब यो अटल र अडिग।
शिक्षा बदल्दा देश बदल्छ, परिवर्तन हुन्छ समाज,
समग्र शिक्षा सुधारले ल्याउँछ, नयाँ पुस्तामा उत्पादन र सम्मान



**लेखक: बब्लु शर्मा**
**ज. उ. न. पा.-७**

## गजल – 'आमा'

हाम्रो नयनमा जुन जस्तै टल्किने ती आमा थिईन्,
भोकै सुतेर हाम्रो मुख हेर्ने अभागी आमा थिईन्।
सुनिन्थ्यो सधैं पूजा-जस्तो स्वर उनको मुटु भित्र,
बन्द कोठामा रोएर हाँस्ने आदर्शी आमा थिईन्।
पसिनामा पलपल बग्ने कथा हो उनका हरेक पाइला,
सपना बेचेर जिन्दगी किन्ने ब्यापारी आमा थिईन्।
चुल्हो बालेर छायाँ बनिन्, आफै अन्धारमा हराइन्,
हाम्रो उज्यालो बनाउँदा आफै झरी आमा थिईन्।
हामी त बाँच्यौं हर्षमा, ऊ त पीडामा हाँसिन् सधैं,
माया लुकाएर माफ गरिरहने किनारी आमा थिईन्।
आज सफल भयौं, तर कसैलाई सोध्न मन लाग्छ –
जीवनको यो मञ्चमा कलाकार कि सहनशील आमा थिईन्?



**लेखक: मो० मोमताज राईन**
**ठेगाना: महोत्तरी**

# 'पार्टीलाई बलियो बनाउन समन्वयात्मक भूमिका निर्वाह गर्दै अघि बढ्नुपर्छ'



काठमाण्डु । नेपाली कांग्रेसका पूर्वमहामन्त्री एवं उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले कांग्रेसलाई बलियो बनाउन सबै नेताकार्यकर्ताबीच समन्वय आवश्यक रहेकामा जोड दिनुभएको छ।

कांग्रेस काठमाडौं महानगरपालिका-१० द्वारा शुक्रबार आयोजित एकदिने प्रशिक्षण कार्यक्रममा सिंहले भ्रातृ सङ्गठन, कांग्रेस पार्टीका शुभेच्छुक सङ्घसंस्थाहरू बलियो भएकामा पार्टी बलियो हुने भएकाले समन्वयात्मक भूमिका निर्वाह गर्दै अघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले कांग्रेस जनताको परीक्षामा पास भइसकेकाले अबको मार्ग जनहितका विकास, निर्माणमा केन्द्रित हुनुपर्ने धारणा राख्नुभयो।

"कांग्रेस, पार्टीका भ्रातृ सङ्गठन तथा पार्टीका शुभेच्छुक सङ्घसंस्थाहरू बलियो भएमा जनताको विश्वास अझ बढ्दै जाने भएकाले हामी सहकार्य र समन्वयका माध्यमबाट बलियो बन्दै जनताका पक्षमा काम गर्नुपर्छ", उपप्रधानमन्त्री सिंहले भन्नुभयो, "हामी पटकपटक जनता माझमा गएर परीक्षामा पास भएर आएका छौँ।"

उहाँले मुलुकको समसामयिक परिस्थितिलाई बुझेर समयसापेक्ष रूपमा अघि बढ्नुपर्ने भन्दै २००३ सालमा स्थापना भएको कांग्रेसले हालसम्म परिवर्तन ल्याएर मुलुकमा गणतन्त्र स्थापना गरेको बताउनुभयो।

उपप्रधानमन्त्री सिंहले वर्तमान एमाले र कांग्रेसको गठबन्धनबाट बनेको सरकार गठन हुँदाको सहमतिअनुसार अघि बढिरहेको बताउँदै यो सहमति नयाँ राजनीतिक दलहरूका कारण नटुट्ने उल्लेख गर्नुभयो। "नयाँ पार्टीले जे भन्यो त्यो मान्दै जान सकिँदैन। जनताको अधिकारका लागि लडेका पार्टीलाई नजरअन्दाज गरेर कुनै पनि आन्दोलनमा सहभागी नभएका दलबाट आशा गर्नु तर्कसङ्गत हुँदैन", उहाँले भन्नुभयो।

कांग्रेसका पूर्वमहामन्त्री सिंहले जनताको अधिकारका लागि प्रतिकूल अवस्थामा सङ्घर्ष गरेका पार्टीहरूलाई कसैले पनि नजरअन्दाज गर्न नहुने धारणा राख्नुभयो।


सबैको विचार र धारणा सुन्नुपर्ने भन्दै उहाँले जनतालाई हित हुने तथा उहाँहरूले चाहेका उपलब्धि प्राप्त गर्न काम गर्दा मुलुक, जनता र सरकारलाई दीर्घकालीन र सकारात्मक फाइदा हुने भएकाले यसतर्फ सबै लाग्नुपर्नेमा जोड दिइरहेको बताउनुभयो।रासस

# आर्थिक कूटनीतिका पक्षमा लविङ जारी छ : राजदूत डा ओली

कुन्मिङ । चीनका लागि नेपाली राजदूत डा कृष्णप्रसाद ओलीले द्विपक्षीय सम्बन्ध विस्तारसहित परिणाममुखी आर्थिक कूटनीतिका पक्षमा 'लाविङ' जारी रहेको बताउनुभएको छ।

छिमेकी मित्रराष्ट्र चीनको युनान प्रान्तको राजधानी कुन्मिङमा आयोजित नवौँ चाइना-दक्षिण एसिया एक्स्पो तथा २९औँ चाइना कुन्मिङ आयातनिर्यात मेलामा भाग लिन आउनुभएका राजदूत डा ओलीले राससका प्रधानसम्पादक उत्तम सिल्वालसँग कुराकानी गर्दै सरकारी तथा निजी क्षेत्रको चिनियाँ लगानीसहित नवीन प्रविधि नेपाल भित्र्याउने पक्षमा अहोरात्र खटिरहेको बताउनुभयो।

> "नेपालसँग ऐतिहासिक एवं घनिष्ठ सम्बन्ध रहेको छिमेकी मित्रराष्ट्र चीनले अहिले हरेक क्षेत्रमा चमत्कारिक एवं उदाहरणीय विकास गरेको छ । त्यसबाट नेपाल लाभान्वित हुनसक्नुपर्दछ ।



चीनको जस्तै भू-बनोवट र हावापानी रहेको नेपालमा कृषि र जडीबुटी व्यवसायबाट लाभ लिन सकिने प्रशस्त सम्भावना रहको उल्लेख गर्दै कृषि, योजना तथा व्यवस्थापन क्षेत्रका विज्ञसमेत रहनुभएका डा ओलीले यसतर्फ चीन आर्जन गरेको विशिष्ट अनुभवसहित प्रविधि र लगानी नेपालमा भित्र्याउन सक्दो प्रयास गरिरहेको जानकारी दिनुभयो।

विशेषगरी कृषि तथा जडीबुटीका क्षेत्रमा चीनले गरेको विकास र प्रगति नेपालमात्र नभई समग्र विश्वका लागि प्रेरणादायी र उदाहरणीय रहेको चर्चा गर्दै राजदूत डा ओलीले चीनसँगको सहयोग र सहकार्यको नीतिलाई प्राथमिकता दिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

उहाँले विकास निर्माणसहित आर्थिक रुपले सम्पन्न एवं विशाल छिमेकी देश चीनबाट प्राप्त गर्नसक्ने कैयौँ थोक भए पनि हाम्रो सम्भावना, आवश्यकता र प्राथमिकताका आधारमा कृषि, जडीबुटी, पर्यटन, ऊर्जा, सूचना प्रविधिलगायतका क्षेत्रमा सहयोग लिइ देशलाई लाभान्वित तुल्याउन सक्नुपर्ने खाँचो औँल्याउनुभयो।

राजदूत डा ओलीले भन्नुभयो, "नेपालसँग ऐतिहासिक एवं घनिष्ठ सम्बन्ध रहेको छिमेकी मित्रराष्ट्र चीनले अहिले हरेक क्षेत्रमा चमत्कारिक एवं उदाहरणीय विकास गरेको छ। त्यसबाट नेपाल लाभान्वित हुनसक्नुपर्दछ । राजदूतका हैसियतले चीनको आधुनिक प्रविधि, अनुभव र लगानी नेपाल भित्र्याउने सरोकारवाला पक्षसँग चरणबद्ध रुपमा छलफल गरिरहेको छु । अहिलेसम्म यहाँ भएका द्विपक्षीय छलफल र भेटघाटका आधारमा साथ, सहयोग प्राप्त हुने विश्वास लिएको छु।"

कृषि, शिक्षा, स्वास्थ्य, ऊर्जा, सूचना प्रविधि, पर्यटनजस्ता क्षेत्रमा सहकार्य गरी नेपाललाई लाभान्वित गर्ने पक्षमा आफू क्रियाशील रहेको जानकारी दिँदै उहाँले चीन सरकारका केन्द्रदेखि प्रान्तसम्मका अधिकारीसँग अहिलेसम्म सौहार्दपूर्ण वातावरणमा भएका भेटघाट तथा छलफलको परिणाम चाँडै आउने अपेक्षा गर्नुभयो।

चिनियाँ नेता तथा अधिकारीहरू र सर्वसाधारण जनतासमेत बुद्धभूमि नेपाल तथा नेपालीको विकाससहित जीवनस्तर सुधारका पक्षमा रहेको जानकारी दिँदै राजदूत डा ओलीले चीनको यस किसिमको मित्रवत् एवं घनिष्ठ सम्बन्ध र सदीक्षाबाट नेपाल लाभान्वित हुनसक्नुपर्नेमा जोड दिनुभयो।

चीनमा अहिले कृषि क्षेत्रमा उत्पादकत्व वृद्धिदर उच्च विन्दुमा पुगेको बताउँदै नेपालले पनि उत्पादकत्व वृद्धिमा जाड दिइ वस्तु निर्यात गर्न र बजार व्यवस्थापन गरी वास्तविक कृषकलाई लाभान्वित तुल्याउन पहल गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो।दुई देश र जनताकाबीच विशिष्ट सम्बन्ध भए पनि हाम्रा भाषाका कारण केही समस्या रहेको सन्दर्भ उल्लेख गर्दै उहाँले द्विपक्षीय सम्बन्धलाई जनस्तरसम्म विस्तार गरी पारस्परिक लाभका आधारमा नेपाली जनताको जीवनस्तर सुधार गर्ने राष्ट्रिय अभियानमा समग्र देश एक हुनुपर्ने समय आएको बताउनुभयो।

उहाँले विद्युतीय अपराध न्यूनीकरण तथा रोकथाममा छिमेकी दुई देशबीच सहकार्य हुनुपर्नेमा जोड दिनुभयो । राजदूत डा ओलीले सीमा क्षेत्रमा हुने व्यापार, दुवै देशका पालिकास्तरीय भगिनी सम्बन्ध विस्तार, कृषि, उद्योग व्यवसाय, सूचना प्रविधि, विकास निर्माण, चिनियाँ लगानी, द्विपक्षीय सहयोग र सहकार्यलगायतका विषयमा चिनियाँ पक्षसँग चरणबद्ध रुपमा छलफल भइरहेको जानकारी दिनुभयो।

यसैगरी दुई देशबीचको व्यापार-व्यवसायको विस्तारमा सहकार्य हुनुपर्नेमा जोड दिँदै नेपालदेखि तुलनात्मक रुपमा नजिकका ल्हासा, कुन्मिङजस्ता सहरबाट हुने व्यापर व्यवसायको प्रवर्द्धनमा नेपालको ध्यान जानुपर्ने उहाँले बताउनुभयो।

जलवायु परिवर्तन, जैविक विविधताको संरक्षण, दिगो विकास, विपत् व्यवस्थापन, सीमा सुरक्षालगायतका क्षेत्रमा सहकार्य गर्नुपर्नेमा राजदूत डा ओलीले जोड दिनुभयो।नेपालका विभिन्न पालिकाले चीनका विभिन्न सहरहरूसँग भगिनी संस्था कायम गरिरहेको भन्ने सन्दर्भमा उहाँले बेइजिङस्थित नेपाली दूतावासलाई खासै जानकारी नहुने तर चिनियाँतर्फ भने यस किसिमको भगिनी सम्बन्ध विस्तर प्रक्रिया त्यति सजिले नरहेको बताउनुभयो।

चीनका लागि नेपाली राजदूत डा ओलीले दक्षिण-पूर्वी एसियाली मुलुकहरूको समग्र विकाससहित यस क्षेत्रमा बसोबास गर्ने जनताको जीवनस्तर सुधार गर्न, आपसी सम्बन्ध अझ घनिष्ट एवं प्रगाढ बनाउन तथा स्रोतसाधनको समुचित प्रयोग गरी यथासक्य सबैलाई लाभान्वित तुल्याउन एक चलायमान एवं परिणाममुखी संयन्त्र निर्माण हुनुपर्ने धारणा व्यक्त गर्नुभयो।

यही असार ५ गतेदेखि प्रान्तीय राजधानी कुन्मिङमा आयोजित व्यापार मेला तथा प्रदर्शनी ९ गतेसम्म चलेको थियो। सो व्यापर मेलामा नेपालकोतर्फबाट पस्मिनाजन्य लत्ताकपडा, नेपाली हस्तकलालगायतका सामग्रीसहित १४० प्रदर्शनी कक्ष रहेको नेपाली दूतावासले जनाएको छ। प्रदर्शनीमा सहभागी नेपाली व्यापारीले गत वर्षको तुलनामा यस वर्ष सन्तोषजनक रुपमा व्यापार भएको जानकारी दिनुभयो।रासस

# प्रधानमन्त्रीको स्पेन भ्रमणको तयारी पूरा

काठमाण्डु। संयुक्त राष्ट्रसङ्घको 'विकासका लागि वित्तसम्बन्धी चौथो अन्तरराष्ट्रिय सम्मेलन' मा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीबाट हुने स्पेन भ्रमणको तयारी पूरा भएको छ।



स्पेनको सेभिल्लामा हुने 'इन्टरनेशनल कन्फरेन्स अन फाइनान्सिङ फर डेभलपमेन्ट अफ युनाइटेड नेशन्स् (एफएफडि-४)' का लागि राष्ट्रसङ्घका महासचिव एन्टेनियो गुटेरस र स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजको मैत्रीपूर्ण निमन्त्रणमा प्रधानमन्त्री ओलीको भ्रमण हुन लागेको हो।

विकासका लागि वित्तसम्बन्धी यो सम्मेलनमा विश्वका सबै सरकारका नेताहरू, विश्व र क्षेत्रीय संस्था, वित्तीय र व्यापारिक संस्था, व्यवसायी, नागरिक समाज र संयुक्त राष्ट्र प्रणालीका सम्बन्धित प्रतिनिधिहरु सहभागी हुनेछन् । नेपालले अल्पविकसित, साना र टापु मुलुकको आवाज समेतलाई अगुवाइ गर्दै सम्मेलनमा वकालत गर्नेछ।

धनी मुलुकले गरिब र साना मुलुकका लागि गरेका लगानी प्रतिबद्धताको कार्यान्वयनका लागि पनि सम्मेलनमा छलफल हुनेछ।

प्रधानमन्त्री ओलीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमालले सन् २०३० सम्म पूरा गर्नुपर्ने राष्ट्रसङ्घीय दिगो विकास लक्ष्यका लागि अन्तराराष्ट्रिय सहयोगलाई बढावा दिन यो मञ्च महत्वपूर्ण भएकाले प्रधानमन्त्री ओलीबाट भ्रमण हुन लागेको बताउनुभयो।

प्रधानमन्त्री ओलीको भ्रमणको तयारीका काम पूरा भएको जनाउँदै परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले विश्वस्तरको वित्तीय संरचनामा सुधार गर्दै दिगो विकासका लागि तत्काल र दीर्घकालका लागि आवश्यक सहयोग र लगानीको चुनौतीमा सम्मेलन केन्द्रित रहने बताउनुभयो। प्रवक्ता क्षेत्रीले दिगो विकास, विकासका लागि वित्त र खासगरी विकास सहायता, लगानी, प्रविधि हस्तान्तरणलगायत मुद्दामा विकसित मुलुक र विकासशील एवं कम विकसित मुलुकबीचको सर्वाधिक महत्वको सम्मेलन भएकाले त्यहीअनुरूप उच्च प्राथमिकता र उच्चस्तरीय सहभागिता महत्वपूर्ण हुने जनाउनुभयो।

नेपालले हाल अल्पविकसित मुलुकहरुको अन्तरराष्ट्रिय समन्वयको अध्यक्षता गरिरहेको अवस्थामा नेपालको छुट्टै भूमिका हुनेसमेत बनाउनुभयो।भ्रमणका अवसरमा प्रधानमन्त्री ओलीले सम्मेलनलाई सम्बोधन गर्नुहुनेछ।

प्रधानमन्त्री ओलीले स्पेनका राजा फिलिप द्वितीयसँग शिष्टाचार भेट र स्पेनका समकक्षी सान्चेजसँग भेटवार्ता गर्नुहुनेछ भने विश्वका अन्य मुलुकका नेताहरुसँग 'साइडलाइन' भेटवार्ता गर्नुहुनेछ।

यही असार १६ गतेदेखि १९ गतेसम्म हुने सम्मेलनका लागि प्रधानमन्त्री ओली असार १४ गते शनिबार साँझ ६ बजे कतारको दोहा हुँदै मेड्रिड जानुहुनेछ भने यही असार २० गते शुक्रबार साँझ ४:४५ बजे फर्कने तालिका छ। नेपालबाट हुन लागेको यो उच्चस्तरको भ्रमणले नेपालमा विकसित मुलुकबाट हुने लगानी वृद्धिका साथै स्पेनलगायत युरोपली मुलुकका पर्यटक आकर्षणमा योगदान दिने विश्वास गरिएको छ।

कूल २१ सदस्यीय भ्रमण दलमा प्रथम महिला राधिका शाक्य प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राई, अर्थ मन्त्रालयका सचिव घनश्याम उपाध्याय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव राजकुमार श्रेष्ठ, प्रधानमन्त्रीका प्रमुख स्वीकय सचिव राजेश बज्राचार्य, प्रधानमन्त्रीका निजी चिकित्सक डा स्मृति शाक्य, परराष्ट्र मन्त्रालयका सहसचिव कृष्णप्रसाद ढकाल, अर्थ मन्त्रालयका सहसचिव धनीराम शर्मा, परराष्ट्र मन्त्रालयका शिष्टाचार महापाल कुमारराज खरेललगायत सहभागी हुनुहुनेछ । काठमाडौँबाट २१, स्पेन र न्युयोर्कबाट आठ गरी २९ जना नेपाली प्रतिनिधिमण्डल हुनेछ।

भ्रमण दलमा स्पेनका लागि नेपाली राजदूत शनिल नेपाल, संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगका स्थायी प्रतिनिधि लोकबहादुर थापालगायत सहभागी हुनुहुनेछ।रासस

# नेपाली कांग्रेसले गरेका काम जनतामाझ पुऱ्याउनबाट चुक्यौँ: उपसभापति खड्का

वीरगञ्ज। नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्काले नेपाली कांग्रेसले गरेका काम जनतामाझ पुऱ्याउन चुकेको बताउनुभएको छ।



नेपाली कांग्रेस नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले शुक्रबार आयोजित प्रशिक्षक प्रशिक्षण कार्यक्रममा सम्बोधन गर्दै उपसभापति खड्काले नेपाली कांग्रेस नेतृत्वमा मुलुकमा भएका काम र योगदानलाई जनतामाझ पुऱ्याउन नसकिएको बताउनुभएको हो।

"नेपाली कांग्रेस नेतृत्वमा मुलुकमा ठूला-ठूला महत्वपूर्ण काम भएका छन् । तर, हामीले गरेका कामहरुलाई जनतामाझ पुऱ्याउन भने सकिरहेका छैनौँ । त्यसमा हामीबाट कहीँकतै चुक भइरहेको छ," उहाँले भन्नुभयो, "हामीले प्राप्त गरेका उपलब्धि र योगदानलाई पनि जनताको बीचमा पुऱ्याउन सकिरहेका छैनौँ । पार्टीले सञ्चालन गरेका विभिन्न अभियान पनि मतदाता माझ पुग्न सकिरहेको छैन। यस्तो परिरिस्थितिमा तपाईंहरु प्रशिक्षकहरुले सो पुऱ्याउन मद्दत पुऱ्याउनुहुनेछ भन्ने आशा र अपेक्षा राखेको छु।"

उपसभापति खड्काले नेपाली कांग्रेसको अगुवाइमा देशका विभिन्न स्थानमा स्थापना भएका विश्वविद्यालय, भौतिक पूर्वाधार, सिँचाइलगायतका क्षेत्रमा गरेका विकासका कामलाई पनि जनतामाझ पुऱ्याउन नसकेको गुनासो व्यक्त गर्नुभयो। "मुलुकमा भएका भौतिक पूर्वाधार विकासमा नेपाली कांग्रेसको भूमिका अहम् छ", उहाँले भन्नुभयो, "हामीले गरेका कामलाई जनतामाझ पुऱ्याउनका लागि सबैले हातेमालो गरेर अघि बढ्न जरुरी छ ।" उपसभापति खड्काले सङ्घीयता र समावेशिताका मुद्दा पनि सबैतीर पुऱ्याउन नसकेको स्वीकार गर्नुभयो।

उपसभापति खड्काले कांग्रेसले विकास निर्माणको क्षेत्रमा होस् शिक्षा, स्वास्थ्य र भौतिक पूर्वाधार निर्माणको क्षेत्रमा धेरै ठूला-ठूला नीतिगत परिवर्तन ल्याएको पनि दावी गर्नुभयो। नेपाली कांग्रेस नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले असार १३ र १४ गते मधेश प्रदेशका आठवटै जिल्लाका प्रशिक्षकहरुलाई प्रशिक्षण दिने कार्यक्रम तय गरिएको छ।रासस

## उर्जामन्त्री खड्का र चीनका राष्ट्रिय ऊर्जा प्रशासनका प्रशासकबीच भेट

काठमाण्डु। ऊर्जा, जलस्रोत तथा सिंचाईमन्त्री दीपक खड्का र चीनका राष्ट्रिय ऊर्जा प्रशासनका प्रशासक वाङ होङजीबीच भेटवार्ता भएको छ ।

चीनको जेफियाङ प्रान्तको निङ्बो शहरमा आयोजना गरिएको शाङ्घाई सहयोग सङ्गठन (एससिओ)को सदस्य राष्ट्रको ऊर्जामन्त्रीस्तरिय बैठकको अवसर शुक्रबार मन्त्री खड्काले चीनको राष्ट्रिय ऊर्जा प्रशासनका प्रशासक होङजीसँग भेटवार्ता गर्नुभएको हो।

भेटवार्ताको क्रममा मन्त्री खड्काले चीन सरकारले आयोजना गरेको शाङ्घाई सहयोग सङ्गठन (एससिओ)का सदस्य राष्ट्रका वैठकले नेपालको ऊर्जा क्षेत्रको विकासमा समेत सहयोग पुगेको भन्दै ऊर्जामन्त्रीस्तरिय बैठक सफल आयोजनाका लागि चीन सरकारलाई बधाई तथा धन्यवाद दिनुभयो।

भेटमा नेपाल-चीनबीचको दीर्घकालीन मैत्रीपूर्ण सम्बन्ध, पारस्परिक विश्वास र ऊर्जा क्षेत्रको सहकार्यलाई अझ सशक्त बनाउने विषयमा सौहार्दपूर्ण छलफल भएको ऊर्जामन्त्रीसँगै सहभागी मन्त्रालयका सहसचिव एवम् प्रवक्ता सागरराज गौतमले जानकारी दिनुभयो।

भेटमा चीनका राष्ट्रिय ऊर्जा प्रशासनका प्रशासक होङजीले नेपालको ऊर्जा पूर्वाधार विकासका लागि आवश्यक प्राविधिक तथा वित्तीय सहयोग प्रदान गर्न चीन सरकार प्रतिबद्ध रहेको बताउनुभएको थियो।रासस

# कुनै एक पार्टीलाई बहुमत ल्याउन कठीन छः सभापति देउवा

चितवन । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले संविधानमा भएको निर्वाचनसम्बन्धी व्यवस्थाका कारण कुनैपनि पार्टीलाई बहुमत ल्याउन कठिन हुने धारणा राख्नुभएको छ।

नेपाली कांग्रेस चितवनले शुक्रबार आयोजना गरेको प्रजातन्त्र सेनानी स्व गौरीदेवी प्रधानको सातौं दिनको पूण्यतिथिको अवसरमा आयोजितश्रद्धाञ्जलीसभामाउहाँले अहिलेको संविधानमा समावेशी र समानुपातिक व्यवस्थानले कुनै एउटा दललाई बहुमत ल्याउने अवस्था नहरेको उल्लेख गर्नुभयो।

नेपाली कांग्रेस बलियो बनाउने बाहेक अन्य सोच आफूमा नरहेको उहाँको भनाइ थियो।

उहाँले भन्नुभयो, "यही यही पार्टीको सभापति भए, पार्टीकै कारण पटक-पटक प्रधानमन्त्री पनि भएँ, पार्टीलाई मुलुकभर बलियो बनाउने बाहेक मेरो कुनै उद्देश्य छैन।

" निर्वाचनमा एक जनाले मात्र टिकट पाउने भएकाले टिकट नपाउनेले पाउनेलाई सहयोग गरेर अघि बढ्न सके पार्टी बलियो हुने उहाँको भनाइ थियो।

कांग्रेसभित्रको रोग हटाउन आवश्यक रहेको उल्लेख गर्दै सभापति देउवाले सच्चा मनले एक भए संविधानलाई बचाउँदै एकल बहुमत ल्याउनसक्ने पार्टी बनाउन आवश्यक रहेको उल्लेख गर्नुभयो।

गौरीदेवी प्रधान र उहाँका श्रीमान् श्यामकृष्ण प्रधानले देखाएको बाटोमा लागेर उहाँहरुले छाडेका अपूरा काम पूरा गर्न आवश्यक रहेको उहाँको भनाइ थियो।रासस

# "रोजगारीका लागि प्रविधिमैत्री जनशक्ति आवश्यक"

काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले रोजगारीका लागि प्रविधिको प्रयोग गर्न सक्ने सीपयुक्त दक्षजनशक्ति तयार गर्नुपर्ने बताउनुभएको छ।

शुक्रबार मन्त्रालयमा आयोजित स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, वैदेशिक रोजगार बोर्ड र हेल्भेटास नेपालबीच सम्झदारीपत्र हस्ताक्षर कार्यक्रममा उहाँले विश्वको बदलिँदो परिवेशमा प्रविधि प्रयोगको ज्ञान, सीप र क्षमता भएका दक्षशक्ति उत्पादनमा जोड दिनुभएको हो।

मन्त्री भण्डारीले श्रम क्षेत्रको अध्ययनको आवश्यकता औँल्याउँदै विश्वविद्यालयहरुसँगको सहकार्यमा 'डिप्लोमा इन लेबर स्टडिज कोर्ष' सञ्चालन गर्ने तयारीबारे समेत जानकारी दिनुभयो।

श्रम मन्त्रालयले दिने सबै सेवाहरु एकीकृत रुपमा प्रवाह गर्नका लागि सबै स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमार्फत सूचना प्रवाह भइरहेको उहाँले बताउनुभयो । उहाँले सूचनाको अभावमा रोजगारीका लागि उपलब्ध भएका अवसर सदुपयोग हुन नसकेको समेत उल्लेख गर्नुभयो।



मन्त्री भण्डारीले श्रम र आप्रवासनको क्षेत्रलाई सर्वसुलभ बनाउन स्विटजरल्यान्ड सरकार र स्विस कन्ट्याक्टको भूमिका महत्वपूर्ण रहेको भन्दै चर्चा गर्नुभयो। उहाँले नेपालमा पहिलोपटक राष्ट्रिय आप्रवासन नीति टुङ्गिने अवस्थामा पुगेको जानकारी गराउँदै छिट्टै मन्त्रिपरिषद्बाट पारित हुने विश्वाससमेत व्यक्त गरे।

सोही अवसरमा श्रम, रोजगार तथा आप्रवासन सम्बन्धमा क्षमता विकास लागि स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, वैदेशिक रोजगार बोर्ड र हेल्भेटास नेपालबीच त्रिपक्षीय एक सम्झदारीपत्रमा हस्ताक्षर गरिएको थियो।

मन्त्रालयका सचिव डा कृष्णहरि पुष्करले तालिम र सीपको तादाम्यता, आवश्यकता र तालिमबीचको तादाम्यतासँगै तालिमको सबैलाई पहुँच र अवसर व्यवस्थापनका लागि यो त्रिपक्षीय सम्झदारीले सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो । तीनै संस्थाले एकअर्कालाई सहयोग, सहकार्य र प्रशंसा गर्दै श्रम आप्रवासनको कामलाई उच्च स्तरमा पुऱ्याउने उहाँको भनाइ थियो।रासस

# यी क्यानाडाली चट्टानहरू पृथ्वीमा सबैभन्दा पुरानो हुन सक्छन्

एपी

न्युयोर्क ।वैज्ञानिकहरूले क्यानाडाको एक चट्टान संरचनाबाट पृथ्वीका सबैभन्दा पुराना चट्टानहरू हुनसक्ने कुराको पहिचान गरेका छन् ।

नुभुवागिटुक ग्रिनस्टोन बेल्ट लामो समयदेखि यसको प्राचीन चट्टानहरूका लागि परिचित छ- क्युबेकको हडसन खाडीको पूर्वी किनारमा रेखायुक्त खैरो ढुङ्गाको मैदानहरू । तर अनुसन्धानकर्ताहरू तिनीहरू कति पुराना छन् भन्ने बारेमा असहमत छन् ।

दुई दशकअघिको अनुसन्धानले ती चट्टानहरू चार अर्ब ३० करोड वर्ष पुरानो हुनसक्ने अनुमान गरेको छ, जसले तिनीहरूलाई पृथ्वीको इतिहासको प्रारम्भिक अवधिमा राखेको छ । तर फरक मिति निर्धारण विधि प्रयोग आदिम चट्टानहरू प्रायः पृथ्वीको गतिशील टेक्टोनिक प्लेटहरूद्वारा पग्लिन्छन् र रिसाइकल हुन्छन्, जसले तिनीहरूलाई आज सतहमा अत्यन्त दुर्लभ बनाउँछ ।

वैज्ञानिकहरूले क्यानाडाको अर्को संरचनाबाट चार अर्ब वर्ष पुरानो चट्टानहरू पत्ता लगाएका छन् जसलाई कास्टा नाइस कम्प्लेक्स भनिन्छ । तर नुभुआगिटुक चट्टानहरू अझ पुराना हुन सक्छन् ।पृथ्वीको प्रारम्भिक इतिहासबाट चट्टानहरूको अध्ययन गर्दा यो ग्रह कस्तो देखिन्थ्यो, यसको उथलपुथल भएको म्याग्मा महासागरहरूले कसरी टेक्टोनिक प्लेटहरूलाई बाटो दियो र जीवन कसरी सुरु भयो भन्ने कुराको झलक दिन सक्छ ।

ज्वालामुखी चट्टान र लाभाको अध्ययन गर्ने र नयाँ अध्ययनमा संलग्न नभएका




गर्ने अन्य वैज्ञानिकहरूले लामो समयअघिका दूषित पदार्थहरूले चट्टानको उमेरलाई बिगारिरहेका थिए र तिनीहरू वास्तवमा तीन अर्ब ८० करोड वर्ष पुराना मात्र थिए भनी तर्क गर्दै यस खोजलाई विरोध गरेका छन् ।

नयाँ अध्ययनमा अनुसन्धानकर्ताहरूले बेल्टको फरक खण्डबाट चट्टानको नमूना लिए र पहिलेका दुई मिति निर्धारण प्रविधिहरू प्रयोग गरी समयको साथ एक रेडियोधर्मी तत्व अर्कोमा कसरी क्षय हुन्छ भनेर मापन गरेर यसको उमेर अनुमान गरे । परिणामतः चट्टानहरू करिब चार अर्ब १६ करोड वर्ष पुराना थिए ।

"फरक विधिहरूले ठ्याक्कै उही उमेर दिए", ओटावा विश्वविद्यालयका अध्ययन लेखक जोनाथन ओ'निलले भन्नुभयो ।नयाँ अनुसन्धान बिहीबार साइन्स जर्नलमा प्रकाशित भएको थियो ।पृथ्वी करिब चार अर्ब ५० करोड वर्ष पहिले सौर्यमण्डलको अस्तित्वपछि धुलो र ग्यासको बादलबाट उत्पन्न भएको थियो ।

आयोवा विश्वविद्यालयका मार्क रेगनले भन्नुभयो, "त्यसबेला पृथ्वीमा के भइरहेको थियो भन्ने नमूना लिनु साँच्चै मूल्यवान् छ ।"चट्टानको गठन आदिवासी इनुक्जुक भूमिमा छ र स्थानीय इनुइट समुदायले वैज्ञानिकहरूलाई अघिल्लो भ्रमणबाट भएको क्षतिका कारण साइटबाट नमूना लिन अस्थायी रूपमा प्रतिबन्ध लगाएको छ ।

पिटुविक ल्यान्डहोल्डिङ्ग कर्पोरेसनसँग जग्गा व्यवस्थापन गर्ने टोमी पालिसरका अनुसार केही भूवैज्ञानिकहरूले साइट भ्रमण गरेपछि चट्टानका ठूला टुक्राहरू हराइरहेका थिए र समुदायले अनलाइन बिक्रीका लागि टुक्राहरू देखेका थिए । इनुइट समुदाय वैज्ञानिकहरूसँग मिलेर प्रान्तीय पार्क स्थापना गर्न चाहन्छ जसले अनुसन्धानकर्ताहरूलाई यसको अध्ययन गर्न अनुमति दिँदै भूमिको रक्षा गर्नेछ ।"यी चट्टानहरूका लागि धेरै चासो छ, जुन हामी बुझ्छौँ", समुदायका एक सदस्य पालिसरले भन्नुभयो, "हामी थप क्षति चाहँदैनौँ ।"

# विकास सहयोग बजेट व्यवस्थापनका लागि राष्ट्रसंघीय सम्मेलन स्पेनमा

एएफपी

म्याड्रिड । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वमा भएको बजेट कटौती र विश्वव्यापी उथलपुथलले गरिबी, भोकमरी र जलवायु परिवर्तनविरुद्धको प्रगतिमा बाधा पुऱ्याएको भन्दै आगामी साता संयुक्त राष्ट्रसङ्घको सम्मेलन स्पेनमा आयोजना हुनेघएको छ ।

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रौं, दक्षिण अफ्रिकाका सिरिल रामाफोसा र इक्वेडरका डेनियल नोबोआले जुन ३० देखि जुलाई ३ सम्म दक्षिणी शहर सेभिलमा हुने करिब ७० राष्ट्र तथा सरकार प्रमुखको नेतृत्व गर्नेछन् ।विकासका लागि वित्तीय सहायतासम्बन्धी चौथो अन्तर ाष्ट्रिय सम्मेलनमा अमेरिकाले बेवास्ता गर्नुले यस क्षेत्रका लागि अन्तर्राष्ट्रिय सहयोग कम हुने चुनौतीलाई उजागर गरेको छ ।

सम्मेलनमा संयुक्त राष्ट्रसङ्घका प्रमुख एन्टोनियो गुटेर्रेस, विश्व बैङ्कका प्रमुख अजय बङ्गालगायत व्यवसाय, नागरिक समाज र वित्तीय संस्थाका चार हजारभन्दा बढी प्रतिनिधि सहभागी हुनेछन् । विकास केन्द्रित यस्ता जमघट विरलै हुने गरेका छन् र विश्वका धनी देशहरूले सन् २०३० का लागि तय गरेका विकास लक्ष्यहरू पहुँचबाट टाढिँदै गएकाले यसको तात्कालिकता उच्च छ । गुटेर्रेसले सहायताका लागि आगामी बर्षदेखि बार्षिक चार ट्रिलियन अमेरिकी डलरको फरक हुने अनुमान गरेका छन् ।

विश्वकै सबैभन्दा ठूलो वैदेशिक सहायता योगदानकर्ता युएसएआईडीका लागि ट्रम्पले आर्थिक सहायता कटौती गरेपछि मानवीय अभियानलाई ठूलो धक्का लागेको छ । बेलायत, फ्रान्स, जर्मनी, नेदरल्यान्ड्स र बेल्जियमजस्ता धनी मुलुकले पनि आर्थिक तथा सुरक्षा प्राथमिकता परिवर्तन भएको र राष्ट्रिय बजेट खुम्चिएकाले सहायता कटौतीको घोषणा गरेका छन् ।दक्षिणी अफ्रिकामा एड्सविरुद्ध लड्नेदेखि लिएर बङ्गलादेशमा विस्थापित रोहिङ्ग्या बालबालिकालाई शिक्षित बनाउनेसम्मका कामले तत्काल प्रभाव पारिरहेको छ ।

संयुक्त राष्ट्रसङ्घीय शरणार्थी एजेन्सीले विश्वका दशौं लाख अति जोखिममा रहेका नागरिकलाई प्रभावित पार्ने गरी कोषको रकम सुकेपछि तीन हजार ५०० रोजगारी कटौती गर्ने घोषणा गरेको छ ।मध्यपूर्व र युक्रेनमा भएको विनाशकारी द्वन्द्वका बेला अन्तर्राष्ट्रिय सहयोगमा यसपहिले नै अभाव रहेकोमा ट्रम्पको अप्रत्याशित कर वृद्धिले विश्वव्यापी व्यापारलाई अस्तव्यस्त बनाएको छ।

**ऋण बोझ**

अन्तर्राष्ट्रिय वित्तमा सुधार र न्यून आय भएका देशहरूको ठूलो ऋणभारलाई कम गर्नु छलफलको मुख्य विषयहरू भएको आयोजकले जनाएको छ । धेरै विकासशील राष्ट्रहरूको बजेट कोभिड-१९ महामारीपछि बढेको ऋणको सेवा, स्वास्थ्य, शिक्षा र पूर्वाधारमा महत्वपूर्ण लगानीलाई रोक्दै सीमित छास्वर्गीय पोप फ्रान्सिसले केही समयअघि सार्वजनिक गरेको र नोबेल पुरस्कार विजेता अर्थशास्त्री जोसेफ स्टिग्लिट्जको संयोजनमा तयार पारिएको एक प्रतिवेदनअनुसार तीन अर्ब ३० करोड मानिसले स्वास्थ्यमा भन्दा पनि बढी ब्याज तिर्ने देशहरूमा बस्छन् ।

आलोचकहरूले दोस्रो विश्वयुद्धपछिको अन्तर्राष्ट्रिय वित्तीय प्रणाली, विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्रा कोषको सुधारका लागि अमेरिकास्थित आधारस्तम्भको आलोचना गरेका छन्।गुटेर्रेसले सेभिलले पुरानो, निष्क्रिय




र अन्यायपूर्ण अन्तर्राष्ट्रिय वित्तीय प्रणालीमा सुधार गर्ने अद्वितीय अवसरको प्रतिनिधित्व गरेको बताउनुभयो । गत जुनमा न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घको मुख्यालयमा भएको तयारी बैठकमा संयुक्त राज्य अमेरिकाबाहेकका देशहरूले सेभिलमा पारित हुने एउटा दस्तावेजमा सर्वसम्मतिले सहमति जनाएका थिए।

संयुक्त राष्ट्रसङ्घको सन् २०३० को गरिबी, भोकमरी उन्मूलन र लैङ्गिक समानता प्रवर्द्धनसम्बन्धी दिगो विकास लक्ष्य हासिल गर्ने प्रतिबद्धतालाई दस्तावेजले पुनः पुष्टि गरेको छ ।यसले विशेष गरी अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूमा ग्लोबल साउथको प्रतिनिधित्व सुधार गरेर कर प्रणालीमा सुधार गर्नमा ध्यान केन्द्रित गर्दछ ।उक्त दस्तावेजले विकास बैङ्कहरूलाई आफ्नो ऋण क्षमता तीन गुणा बढाउन, ऋणदाताहरूलाई आवश्यक सामाजिक खर्चका लागि पूर्वानुमानयोग्य वित्त सुनिश्चित गर्न र कर छलीविरुद्ध थप सहयोगका लागि आग्रह गरेको छ।

संयुक्त राज्य अमेरिकाले राष्ट्रिय सार्वभौमिकतामाथि अतिक्रमण गर्ने, अन्तर ाष्ट्रिय वित्तीय संस्थाहरूमा हस्तक्षेप गर्ने र 'यौन-आधारित प्राथमिकताहरू' समावेश गर्ने पहलहरूको विरोध गरेको बताएको छ।

**महत्वाकाङ्क्षाको कमी**

युरोपेली सङ्घ (इयू)ले सहमति हासिल गरेकोमा खुशीयाली मनाइरहेका बेला गैरसरकारी संस्थाहरूले महत्वाकाङ्क्षाको कमी भएको भन्दै प्रतिबद्धताको आलोचना गरेका छन्।क्रिश्चियन एड'की विश्वव्यापी वकालत प्रमुख मारियाना पाओलीका अनुसार यो दस्तावेजले ' ग्लोबल साउथ'को तत्काल आह्वानको बावजुद ऋण र जीवाश्म ईन्धन अनुदानमा प्रमुख प्रतिबद्धताहरूलाई कमजोर पार्छ ।


उऔँले भन्नुभयो, "अमेरिकी अवरोधबाट जोगिएर ग्लोबल नर्थले सुधारलाई अवरोध गरिरहेको छ । यो नेतृत्व होइन, यो इन्कार हो ।"उहाँका अनुसार धनी देशहरूले आफ्ना वाचाहरू पूरा गर्न असफल भएका कारण विश्वासमा ह्रास आएको छासन् २०२० सम्ममा गरिब राष्ट्रहरूलाई प्रतिवर्ष १०० अर्ब अमेरिकी डलरको"अमेरिकी अवरोधबाट जोगिएर ग्लोबल नर्थले सुधारलाई अवरोध गरिरहेको छ । यो नेतृत्व होइन, यो इन्कार हो ।"

उहाँका अनुसार धनी देशहरूले आफ्ना वाचाहरू पूरा गर्न असफल भएका कारण विश्वासमा ह्रास आएको छासन् २०२० सम्ममा गरिब राष्ट्रहरूलाई प्रतिवर्ष १०० अर्ब अमेरिकी डलरको जलवायु वित्त उपलब्ध गराउने वाचा गरेपनि उनीहरूले सन् २०२२ मा मात्र लक्ष्य पूरा गरका थिए ।

गत वर्ष अजरबैजानमा सम्पन्न संयुक्त राष्ट्रसङ्घको जलवायु शिखर सम्मेलनमा धनी देशहरूले सन् २०३५ सम्ममा वार्षिक ३०० अर्ब अमेरिकी डलरको जलवायु वित्त उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेका थिए। स्वतन्त्र विज्ञहरूले यसमा प्रतिवर्ष एक ट्रिलियन डलरभन्दा बढीको आवश्यकता अनुमान गरेका छन् ।

स्पेन संयुक्त राष्ट्रसङ्घको विकास वित्त सम्मेलन आयोजना गर्ने पहिलो विकसित देश हुनेछ । यसअघि, विकास वित्त सम्मेलन सन् २००२ मा मेक्सिकोमा, सन् २००८ मा कतारमा र सन् २०१५ मा इथियोपियामा भएको थियो ।

# अमेरिकी अड्डाहरूलाई फेरि निशाना बनाउने इरानका सर्वोच्च नेताको धम्की



एएनआई

तेहरान । इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानी आणविक स्थलहरूमा आक्रमणको प्रभावलाई ' अतिरञ्जित' गरेको दाबी गर्दै अमेरिकी सैन्य अड्डाहरूलाई फेरि निशाना बनाउने धम्की दिनुभएको टाइम्स अफ इजरायलले रिपोर्ट गरेको छ ।

बिहीबार टेलिभिजन भाषणमा खामेनीले इजरायलले सुरु गरेको १२ दिने हवाई युद्धमा इरानको विजय भएको र अमेरिकालाई 'गम्भीर थप्पड' लगाएको दाबी गर्नुभयो । इरान र इजरायलबीच युद्धविराम घोषणा भएपछि आफ्नो पहिलो भाषणमा उहाँले यस्तो टिप्पणी गर्नुभएको हो ।"अमेरिकी राष्ट्रपतिले असामान्य तरिकामा घटनाहरू बढाइचढाइ गर्नुभयो र यो थाहा भयो कि उहाँलाई यो अतिशयोक्तिको आवश्यकता थियो", उहाँले भन्नुभयो ।खामेनीले अमेरिकाले 'यो युद्धबाट केही पनि प्राप्त नगरेको' भन्दै अमेरिकी आक्रमणले इरानी आणविक सुविधाहरूमा 'केही महत्त्वपूर्ण काम नगरेको' बताउनुभयो ।

"इस्लामिक गणतन्त्रले जित्यो र बदलामा अमेरिकाको अनुहारमा कडा थप्पड हान्यो", टाइम्स अफ इजरायलको रिपोर्ट अनुसार कतारमा रहेको अमेरिकी सैन्य अड्डालाई लक्षित गरेर इरानले गरेको मिसाइल आक्रमणको सन्दर्भमा द्वन्द्वमा विजयको दाबी गर्दै उहाँले भन्नुभयो ।

उहाँले धम्की दिँदै भन्नुभयो, "यस्तो कार्य भविष्यमा पनि दोहोऱ्याउन सकिन्छ र इरानसँग यस क्षेत्रका मुख्य अमेरिकी केन्द्रहरूमा पहुँच छ र आवश्यक ठानेको बेला कार्य गर्न सक्छ ।"

अमेरिकाले आइतबार बिहान 'अपरेसन मिडनाइट ह्यामर' अन्तर्गत तीनवटा प्रमुख इरानी आणविक सुविधामा सटीक हवाई आक्रमण गरेपछि पश्चिम एसियामा तनाव बढेको छ ।

इरानले कतारको अल उदेद हवाई अड्डासहित कतार र इराकमा रहेका अमेरिकी सैन्य प्रतिष्ठानहरूमा धेरै मिसाइल प्रहार गरेर जवाफ दिएको सिएनएनले जनाएको छ ।उहाँको यो टिप्पणी इरान र इजरायलबीचको युद्धविरामको अन्त्य भएको दुई दिनपछि आएको हो । उहाँले इरानले 'कहिल्यै' आत्मसमर्पण नगर्ने र 'कुनै पनि आक्रमण भएमा' 'शत्रुले निश्चित रूपमा भारी मूल्य चुकाउनेछ' भनी जोड दिनुभयो ।

"कुनै आक्रमण भएमा शत्रुले निश्चित रूपमा भारी मूल्य चुकाउनेछ", खामेनीले भन्नुभयो, "आत्मसमर्पण कहिल्यै हुनेछैन । हाम्रो राष्ट्र शक्तिशाली छ ।" अमेरिकाले युद्धमा हस्तक्षेप गरेको उल्लेख गर्दै इरानका सर्वोच्च नेताले भन्नुभयो, "किनभने यसले हस्तक्षेप गरेन भने, यहुदी शासन पूर्ण रूपमा नष्ट हुनेछ भन्ने महसुस भयो ।"इरानविरुद्ध जित हासिल गरेकोमा इरानलाई बधाई दिँदै उहाँले भन्नुभयो, "भ्रामक यहुदी शासनमाथि विजय हासिल गरेकोमा म महान् इरानी राष्ट्रलाई बधाई दिन चाहन्छु ।"

जुन १३ मा इजरायलले इरानी आणविक सुविधाहरूमा आक्रमण गरी शीर्ष सैन्य कमान्डरहरू र वैज्ञानिकहरूलाई लक्षित गरेपछि द्वन्द्व सुरु भएपछि खामेनी गोप्य स्थानमा शरण लिएदेखि सार्वजनिक रूपमा देखिनुभएको छैन ।रिपोर्टहरूले खामेनीलाई आफ्नो स्थान त्याग्ने डरले बाहिरी संसारसँग कुराकानी गर्नबाट रोकेको सङ्केत गरेको छ । रिपोर्टका अनुसार द्वन्द्वमा मारिएका शीर्ष कमान्डर र आणविक वैज्ञानिकहरूका लागि शनिबार तेहरानमा राजकीय अन्त्येष्टि सम्पन्न गरिनेछ ।

खामेनीले सामाजिक सञ्जाल प्लेटफर्म एक्समा इजरायललाई धम्की पनि दिनुभयो । "यहुदी शासनले थाहा पाउनुपर्छ कि इस्लामिक गणतन्त्र इरानमा आक्रमण गर्नुले तिनीहरूका लागि भारी मूल्य तिर्नुपर्नेछ", उहाँले एक्समा पोस्ट गर्नुभयो ।

# अमेरिका र चीनबीच व्यापारसम्बन्धी सम्झौतामा हस्ताक्षर

एपी

बैङ्कक । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिका र चीनले व्यापारमा एक सम्झौतामा हस्ताक्षर गरेको बताउनुभएको छ । उहाँले भारतसँग पनि चाँडै सम्झौता हुने अपेक्षा गरिएको बताउनुभयो ।वाणिज्यमन्त्री हावर्ड लुटनिकले ब्लुमबर्ग टिभीलाई यो हप्ताको सुरुमा सम्झौतामा हस्ताक्षर भएको जानकारी दिनुभयो । लुटनिक वा ट्रम्पले सम्झौताका बारेमा कुनै विवरण दिनुभएको छैन ।

"हामीले भर्खरै चीनसँग हस्ताक्षर गऱ्यौँ"", ट्रम्पले बिहीबार राति भन्नुभयो ।लुटनिकले यो सम्झौतामा दुई दिनअघि 'हस्ताक्षर र छाप लगाइएको' बताउनुभयो ।यो मे महिनाको सुरुमा जेनेभामा भएको प्रारम्भिक वार्ताको परिणाम हो । वार्ताले दुवै पक्षलाई ठूला भन्सार शुल्क वृद्धि स्थगित गर्न प्रेरित गरेको थियो । भन्सार शुल्क वृद्धिले दुई देशबीचको धेरैजसो व्यापार स्थगित गर्ने खतरा थियो । पछि लन्डनमा भएको वार्ताले वार्ताका लागि रूपरेखा तय गऱ्यो र ट्रम्पले उल्लेख गरेको सम्झौताले त्यो सम्झौतालाई औपचारिक रूप दिएको देखिन्छ ।

"राष्ट्रपतिले यी सम्झौताहरू आफैँ पूरा गर्न मन पराउनुहुन्छ । उहाँ सम्झौता निर्माता हुनुहुन्छ । हामी एकपछि अर्को सम्झौता गर्नेछौँ", लुटनिकले भन्नुभयो ।चीनले कुनै नयाँ सम्झौताको घोषणा गरेको छैन, तर यसले यस हप्ताको सुरुमा दुर्लभ खनिज तत्व, विद्युतीय सवारी जस्ता उच्च-टेक उत्पादनहरूमा प्रयोग हुने सामग्रीहरूको निर्यात स्वीकृतिको




गति बढाइरहेको घोषणा गरेको थियो । दुर्लभ खनिज तत्वको निर्यातमा बेइजिङको सीमाहरू विवादको मुख्य विन्दु भएको छ ।

चिनियाँ वाणिज्य मन्त्रालयले बिहीबार बेइजिङले दुर्लभ खनिज तत्वहरूका लागि निर्यात इजाजतपत्र आवेदनहरूको समीक्षालाई गति दिइरहेको र ' निश्चित सङ्ख्यामा अनुपालन आवेदनहरू' स्वीकृत गरेको बताएको छ ।चीनले अप्रिलमा सात दुर्लभ खनिज तत्वमा अनुमति आवश्यकताहरू लगाएपछि खनिजहरूको निर्यात नियन्त्रणले बेइजिङ र वासिङ्टनबीचको पछिल्लो व्यापारिक वार्तामा भन्सार शुल्कहरूलाई उछिनेको देखिन्छ । ती खनिजको निर्यात नियन्त्रणले अमेरिका र विश्वभरका कारहरू, रोबोटहरू, हावा टर्बाइनहरू र अन्य उच्च प्रविधिका उत्पादनहरूको उत्पादनमा बाधा पुऱ्याउने खतरा छ ।

मे महिनामा जेनेभामा भएको सम्झौताले दुवै पक्षलाई ट्रम्पले आफ्नो व्यापार युद्ध बढाएको र आयात शुल्क तीव्र रूपमा बढाएका कारण लगाइएको दण्डात्मक शुल्क वृद्धि कम गर्न आह्वान गरेको थियो । फेन्टानिलको व्यापार र एल्युमिनियम र स्टिलमा लगाइएको भन्सार शुल्कसँग सम्बन्धित वासिङ्टनले लगाएको केही उच्च भन्सार शुल्कहरू यथावत छन् । द्रुत रूपमा परिवर्तन हुने नीतिहरूले विश्वका दुई ठूला अर्थतन्त्रमा प्रभाव पारिरहेको छ ।आंशिक रूपमा कम्पनीहरू र घरपरिवारहरूले विदेशी सामानहरू किन्न हतार गरेका कारण अमेरिकी अर्थतन्त्र जनवरीदेखि मार्चसम्म वार्षिक शून्य दशमलव पाँच प्रतिशत दरले सङ्कुचित भयो ।

चीनमा कारखाना नाफा मे महिनामा एक वर्ष अघिको तुलनामा नौ प्रतिशतभन्दा बढी घटेको छ । यसमा अटो निर्माताहरूले त्यो गिरावटको ठूलो हिस्सा भोगेका छन् । जनवरी-मे महिनामा तिनीहरू वार्षिक आधारमा एक प्रतिशतभन्दा बढी घटे ।ट्रम्प र अन्य अमेरिकी अधिकारीहरूले भारत लगायत अन्य धेरै देशसँग व्यापारिक सम्झौतामा पुग्ने अपेक्षा गरेको सङ्केत दिएका छन् ।"हामी एकपछि अर्को सम्झौता गर्नेछौँ", लुटनिकले भन्नुभयो ।

# अवसर दिएको भए इजरायलले इरानका खामेनीलाई मारेको हुन्थ्यो

एएफपी

जेरुसेलम । इजरायलका रक्षामन्त्री इजरायल काट्जले दुई मुलुकबीचको युद्धको समयमा अवसर मिलेको भए इजरायलले इरानका सर्वोच्च नेता अयातोल्लाह अली खामेनीलाई मारेको हुन्थ्यो भन्नुभएको छ ।

"यदि उहाँ हाम्रो निशानामा हुनुहुन्थ्यो भने, हामीले उहाँलाई मारेका हुन्थ्यौँ", सेनाले 'धेरै खोजी गरेको' उल्लेख गर्दै काट्जले बिहीबार साँझ इजरायलको सार्वजनिक रेडियो स्टेसन कानलाई भन्नुभयो, "खामेनीले यो बुझ्नुभयो, धेरै गहिरो भूमिगतमा जानुभयो, कमान्डरहरूसँगको सम्पर्क तोड्नुभयो... त्यसैले अन्त्यमा यो यथार्थवादी थिएन ।"

उहाँले बिहीबार इजरायली टेलिभिजन च्यानल १३ लाई युद्धविराम अघि र युद्धविराम पछि फरक हुने भन्दै इजरायलले आफ्ना हत्या प्रयासहरू रोक्ने बताउनुभयो ।वासिङ्टनले उहाँको हत्या गर्ने इजरायली योजनालाई भिटो गरेको रिपोर्ट आएको केही दिनपछि काट्जले युद्धको समयमा खामेनीलाई 'अब अस्तित्वमा रहन दिन सकिँदैन' भन्नुभएको थियो ।

तर काट्जले खामेनीलाई बङ्करभित्र बस्न सल्लाह दिनुभयो । "उहाँले लामो समयसम्म बङ्करको गहिराइमा बसेका स्वर्गीय नसरल्लाहबाट सिक्नुपर्छ", लेबनानी लडाकु समूह हिजबुल्लाहका पूर्व नेता हसन नसरल्लाहलाई उल्लेख गर्दै उहाँले भन्नुभयो । नसरल्लाहलाई इजरायलले सन् २०२४ सेप्टेम्बरमा बेरुतको हवाई आक्रमणमा मारेको थियो ।

सत्तामा आएदेखि इरान नछाड्नुभएका सर्वोच्च नेताका गतिविधिहरू कडा सुरक्षा र गोप्यताको अधीनमा छन् ।काट्जले बिहीबार इजरायलले इरानमाथि आफ्नो हवाई श्रेष्ठता कायम राखेको र फेरि आक्रमण गर्न तयार रहेको बताउनुभयो ।"हामी इरानलाई आणविक हतियार विकास गर्न र इजरायललाई लामो दूरीको मिसाइलले धम्की दिन दिनेछैनौँ", उहाँले भन्नुभयो ।

आफ्नो च्यानल १२ अन्तर्वार्तामा काट्जले इजरायललाई इरानको सबै समृद्ध युरेनियमको स्थान थाहा नभएको स्वीकार गर्नुभयो । तर इजरायलको हवाई आक्रमणले इस्लामिक गणतन्त्रको युरेनियम संवर्धन क्षमताहरू नष्ट गरेको बताउनुभयो ।"सामग्री आफैँ त्यस्तो कुरा थिएन जसलाई तटस्थ पारिनुपर्ने थियो", उहाँले समृद्ध युरेनियमको बारेमा भन्नुभयो ।

इरानको आणविक कार्यक्रममा इजरायली र अमेरिकी आक्रमणहरूको प्रभाव बहसको विषय भएको छ ।

# नौ जनाको हत्या अभियोगमा जापानमा एक व्यक्तिलाई मृत्युदण्ड

एपी

टोकियो । टोकियो नजिकैको आफ्नो अपार्टमेन्टमा नौ जनालाई मारेर टुक्रा पारेको हत्याको अभियोगमा दोषी ठहरिएका एक व्यक्तिलाई शुक्रबार मृत्युदण्ड दिइएको जापानको न्याय मन्त्रालयले जनाएको छ ।

'ट्विटर किलर' भनेर चिनिने ताकाहिरो शिराइसीलाई सन् २०१७ मा भएका नौ जनाको हत्याका लागि सन् २०२० मा मृत्युदण्डको सजाय सुनाइएको थियो । पीडितमध्ये अधिकांशले सामाजिक सञ्जालमा आत्महत्याका विचारहरू पोस्ट गरेका थिए । उनलाई महिला पीडितहरूलाई यौन दुर्व्यवहार गरेको अभियोगमा पनि दोषी ठहराइएको थियो ।उनको अपार्टमेन्टमा आठ किशोरकिशोरी र महिलाका साथै कोल्ड स्टोरेज मामिलामा एक पुरुषको शव फेला पारेपछि प्रहरीले त्यस वर्षको अन्त्यमा उनलाई पक्राउ गरेको थियो ।

अनुसन्धानकर्ताहरूका अनुसार शिराइसीले पीडितहरूलाई उनीहरूको आत्महत्याको इच्छामा सहयोग गर्ने प्रस्ताव गर्दै ट्विटरमार्फत सम्पर्क गरेका थिए ।

तीन किशोरी र पाँचा महिलालाई बलात्कार गरेपछि उनले हत्या गरे । उनले एक महिलाको प्रेमीलाई पनि चुप लगाउन हत्या गरे ।

"यस घटनाले अत्यन्त गम्भीर परिणामहरू निम्त्यायो र समाजमा ठूलो आघात र अशान्ति फैलायो", न्यायमन्त्री केइसुके सुजुकीले आकस्मिक पत्रकार सम्मेलनमा भन्नुभयो ।

उहाँले यस हप्ताको सुरुमा मृत्युदण्डमा हस्ताक्षर गरेको तर शिराइसीको फाँसी नदेखेको बताउनुभयो । गत वर्ष विश्वका सबैभन्दा लामो समयसम्म मृत्युदण्डमा बसेका इवाओ हाकामाडाको सफाइपछि जापानमा मृत्युदण्ड उन्मूलन गर्न वा पारदर्शिता बढाउन आह्वान बढिरहेका बेला यो मृत्युदण्ड कार्यान्वयन गरिएको हो ।

# प्रभावकारी बन्दै आयुर्वेद चिकित्सालयको सेवा

तिलोत्तमा । बुटवल उपमहानगरपालिका-९ की ३६ वर्षीय ललिता भुसाल ढाडको नसा च्यापिएको समस्याले विगत दुई वर्षदेखि ग्रस्त हुनुहुन्थ्यो । उहाँ उपचारका लागि बुटवलका विभिन्न अस्पताल र काठमाडौं पनि पुग्नुभयो ।

महिनौँसम्म बसेर उपचार गरे पनि उहाँलाई निको भएन । जब पछिल्लो समय उहाँले लुम्बिनी आयुर्वेद चिकित्सालयका बारेमा थाहा पाउनुभयो, उपचारका लागि उहाँ त्यहीँ पुग्नुभयो । करिब एक हप्ता अस्पतालमै बसेर उपचार गरेपछि अहिले उहाँलाई आराम मिलेको छ । उहाँ भन्नुहुन्छ, "अन्यत्र समय र पैसा दुवै खर्च भयो, तर यहाँ आइसकेपछि शरीर झम्झमाउने र दुख्ने समस्या हट्दै गएको छ, यहाँ हरेक प्रकारका रोगको उपचार हुने रहेछ, जडीबुटीयुक्त तेलद्वारा उपचार हुने रहेछ ।"




यस्तै तिलोत्तमा-१ कि पदमकुमारी पन्थ विगत दुई वर्षअघिबाट निरन्तर खोकीले ग्रस्त हुनुहुन्थ्यो । उहाँलाई जब केही खानेकुरा खान थाल्यो खोकी लागेर सकसै हुन्थ्यो । त्यसको उपचारका लागि बुटवल र चितवनलगायतका विभिन्न स्थान चहारेर बसेकी उहाँ पछिल्लो तीन महिनादेखि बुटवल-११ मा रहेको लुम्बिनी आयुर्वेद चिकित्सालयमा जान थाल्नुभएको छ । उहाँको पनि त्यहाँ उपचारपछि खोकी आधा सञ्चो भएको छ् । अहिले त्यहाँको उपचार र औषधिले धेरै राहत मिलेको उहाँको भनाइ छ ।

त्यसैगरी बुटवल-११ कालिका नगरकी ४९ वर्षीय अमृता पराजुली विगत छ वर्षदेखि निन्द्रा नलाग्ने समस्याबाट ग्रसित हुनुहुन्थ्यो । उहाँ दिनमा अत्यन्तै व्यस्त भए पनि रातिमा निदाउनै नसक्ने हुनुहुन्थ्यो । उपचारका लागि बुटवल र काठमाडौं पनि गएको तर कहीं पनि उहाँको समस्या समाधान हुन सकेन । अहिले सो आयुर्वेद औषधालय आएपछि सञ्चो लागेको उहाँ बताउनुहुन्छ ।

शिरोधारा एउटा स्थापित आयुर्वेदिक पद्धति हो । यसमा ब्राह्मी, शत्त पुस्पी, जटामासी, यस्टीमधु जस्ता औषधियुक्त तेल वा अन्य औषधियुक्त झोललाई निरन्तर धाराका रुपमा निश्चित समयसम्म निधारमा प्रवाह गरिन्छ । विशेष गरेर मनतातो औषधियुक्त तिलको तेल, दूध, तक्र (मोही) आदि विभिन्न अवस्थाअनुसार प्रयोग गरिन्छ ।

शिरोधाराले एकसाथ धेरै कार्य गर्छ । शिरोधारा निधारको बीचमा दिइन्छ । यो तेस्रो नेत्रको स्थान हो र यसलाई ज्ञानको केन्द्र पनि भनिन्छ । तसर्थ यसले ज्ञानको क्षेत्र फराकिलो बनाउन तथा स्मृति सम्पन्न बनाउन मद्दत गर्छ । यसले शिरमा कमी रहेका तत्वहरुको पोषण गर्नाका साथै मस्तिष्कका केन्द्र तथा ग्रन्थीलाई सक्रिय पारी शरीरलाई सन्तुलित र स्वस्थ राख्छ । यति मात्र होइन, शान्त वातावरणमा निरन्तर स्निग्ध धारा प्रवाहले मनलाई शान्त गर्ने र आनन्दको अनुभूति दिलाउने अस्पतालका आयुर्वेद चिकित्सक योगेश ढकाल बताउनुहुन्छ ।

यसैगरी, बुटवल-११ देवीनगरकै सीतादेवी विश्वकर्मा हातको औँला दुखेर हैरान हुनुहुन्थ्यो । विगत २/३ महिनादेखि दुखाइ सहिरहेकी उहाँ पाँच दिनअघि सो अस्पतालमा पुगेर उपचार गराइरहनुभएको छ । उहाँको पनि दुखाइको समस्या केही समाधान हुँदै गएको छ ।

यसैगरी, तनहुँको रानी पोखरी गाउँपालिका-१ का जङ्गबहादुर श्रेष्ठ हाल बुटवल-११ मा बसोबास गर्नुहुन्छ । उहाँले अस्पतालको बारेमा कतैबाट जानकारी पाएर सो अस्पतालमा पुगेको बताउनुभयो । बुटवल-१३ की जया थापा पनि तीन वर्षदेखि घुँडाको समस्या झेल्दै आउनुभएको छ । त्यहाँ उपचार गरी निको भएकाहरुबाट अस्पतालका बारेमा थाहा पाएपछि जया पनि त्यहीँ पुगेको उहाँ बताउनुहुन्छ ।

यसैगरी, बुटवल-११ की इन्द्राकुमारी विकले पनि अरूका विभिन्न रोग निको भएको थाहा पाएर त्यहाँ पुगेको बताउनुभयो । हात निरन्तर दुई महिनादेखि दुखिरहेकाले सञ्चो हुने आशाले सो अस्पतालमा सेवा लिन पुगेको उहाँ नयाँ बिरामी हुनुहुन्छ ।

ललिता, पदम कुमारी, अमृतालगायत माथिका पात्र केही उदाहरण मात्र हुनुहुन्छ । विभिन्न रोगले ग्रस्त भएका बिरामी बुटवल-११ मा रहेको लुम्बिनी आयुर्वेद चिकित्सालयमा पुगेपछि निकै राहत भएको बताउँछन् । यो अस्पताल र अस्पतालले दिने सेवाप्रति पछिल्लो समय नेपालीसँगै भारतीय नागरिकको समेत विश्वास बढ्दै गएको पाइन्छ ।

आर्थिक वर्ष २०८०/८१ मा कूल ४० हजार ७८५ बिरामीले सेवा लिएको अस्पतालको तथ्याङ्कमा छ । यसमध्ये २२ हजार ३२७ पुरुष थिए भने १८ हजार ४५८ सेवा लिएका महिलाको सङ्ख्या हो । यहाँ दुईवटा ओपिडीबाट दैनिक ४० देखि १६० जनासम्म बिरामीले सेवा लिने गरेका छन्भने थेरापीतर्फ ३० जनाले सेवा लिने गरेको अस्पतालले जनाएको छ ।

त्यसैगरी, यहाँ नेपाल-भारत सीमावर्ती क्षेत्रका साथै लखनऊबाट समेत भारतीय नागरिकले यस अस्पतालबाट उपचार सेवा लिएका छन् । त्यसमध्ये विगत एक वर्षको अवधिमा उपचार गराएका भारतीय बिरामीको जम्मा सङ्ख्या १५१ रहेको छ । त्यसमध्ये ओपिडीबाट ११३ जनाले सेवा लिएको अस्पतालका आयुर्वेद चिकित्सक ढकालको भनाइ छ । जसमा महिलाहरुको सङ्ख्या ६४ र पुरुषको सङ्ख्या ४९ रहेको छ ।

त्यसैगरी, भर्ना भएर उपचार गराएका ३८ भारतीय बिरामीहरुमा महिला २१ र पुरुष १७ रहेका छन् । रुपन्देहीको बुटवल-११ मा रहेको १५ शय्याको सो चिकित्सालयले परम्परागत आयुर्वेद उपचार पद्धतिमार्फत यस क्षेत्रको स्वास्थ्य सेवामा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । पञ्चकर्म विशेष अस्पतालका रुपमा चिनिने यो चिकित्सालय लुम्बिनी प्रदेश सरकारको स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयअन्तर्गत सञ्चालित छ ।

विसं २०४३ मा लुम्बिनी आयुर्वेद औषधालयको रूपमा स्थापना भएको यो संस्था २०७५ सालमा लुम्बिनी प्रदेश सरकारद्वारा नाम परिवर्तन गरी लुम्बिनी आयुर्वेद चिकित्सालय बनाइएको हो । अस्पतालमा बिरामीको सङ्ख्या बढ्दै गए पनि जनशक्तिको चरम अभाव रहेको छ । अस्पतालले दिने सेवा दिनहुँ प्रभावकारी बन्दै जाँदा चिकित्सकलाई हम्मेहम्मे छ । विसं २०४३ कै दरबन्दीअनुसार अस्पताल सञ्चालन भइरहेको छ । विसं २०४३ मा सात जनाको दरबन्दीमा अस्पताल सुरु भएको थियो भने त्यो हालसम्म पनि कायम छ । अस्पताल पछिल्लो समय सबै प्रकारका कर्मचारी गरी ३२ जनाबाट निरन्तर सञ्चालनमा छ ।

अस्पतालमा औषधि अभाव र शल्यक्रिया विभागको अभावले चुनौती थपिएका छन् । निःशुल्क प्रदान गरिने औषधिका लागि बजेट अभाव रहेको अस्पतालको गुनासो छ । यसका बाबजुद पनि बिरामीलाई गुणस्तरीय सेवा दिन चिकित्सालय कटिबद्ध रहेको चिकित्सकहरु बताउँछन् ।

अत्याधुनिक उपकरण र वैज्ञानिक अध्ययनको प्रयोगमार्फत मौलिक आयुर्वेद चिकित्सा पद्धतिलाई प्रवर्द्धन गर्दै लुम्बिनी आयुर्वेद चिकित्सालय रुपन्देहीको स्वास्थ्य सेवा क्षेत्रमा अग्रणी संस्था बन्न सफल हुँदै आएको चिकित्सकको दाबी छ । यसको सेवा विस्तार, सामुदायिक संलग्नता र भविष्यका योजनाहरूले यस क्षेत्रका बासिन्दालाई स्वस्थ तथा सन्तुलित जीवन बिताउन थप सहयोग पुर्‍याउने अपेक्षा गरिएको चिकित्सालयका निमित्त कार्यालय प्रमुख गणेशप्रसाद सापकोटाले बताउनुभयो ।

आयुर्वेदको पञ्चकर्म पद्धतिलाई अघि बढाउन चिकित्सालयले अनुगमन गर्नेगरी रुपन्देहीका चार पालिकामा आरोग्य केन्द्र सञ्चालनमा छन् । सैनामैना, लुम्बिनी सांस्कृतिक र देवदह नगरपालिका तथा सियारी गाउँपालिकामा आरोग्य केन्द्र सञ्चालनमा छन् ।

यसैगरी, रुपन्देहीका छ पालिकामा स्थानीय तहले हेर्ने गरी र चिकित्सालयकै अनुगमन हुनेगरी आयुर्वेदिक औषधालय सञ्चालन भइरहेका छन् । तिलोत्तमा नगरपालिका तथा गैडहवा, मायादेवी, कोटहीमाई, कञ्चनरशुद्धोधनगाउँपालिकामा सञ्चालन भइरहेको कार्यालय प्रमुख सापकोटाको भनाइ छ ।

यस विषयमा लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री खेमबहादुर सारुले अस्पतालको सेवा अझ प्रभावकारी बनाउन अस्पतालको थप भवन बन्दै गरेको बताउनुभयो । उहाँले अस्पतालको सेवा थप प्रभावकारी बनाउन मन्त्रालय लागिपरेको र यसका लागि बजेटसमेत विनियोजन गरेको जनाउनुभयो ।रासस

# दूध किसानलाई बक्यौता भुक्तानी गर्न निर्देशन

काठमाण्डु । सरकारले देशभरका दूध उत्पादक कृषकको करिब रु तीन अर्ब बक्यौता यही असार मसान्तसम्म उपलब्ध गराउन निर्देशन दिएको छ ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले डेरी उद्योगको छाता सङ्गठन नेपाल डेरी एसोसिएसनसँग दूध किसानको बक्यौता उपलब्ध गराउने विषयमा छलफल गरी अविलम्ब गर्न सबै प्रदेशमा विभिन्न कार्यक्रम सञ्चालन गरेको डेरी एसोसिएसनलाई सरकारले विभिन्न सहुलियत तथा प्रविधिक, रचनात्मक सहयोग उपलब्ध गराउँदै आएको छ ।दुग्ध विकास संस्थानले गत पुस मसान्तसम्मको किसानको बक्यौताबापत रहेको करिब रु ९० करोड उपलब्ध गराइसकेको छ भने बाँकी रकम भुक्तानीको प्रक्रिया सुरु गरेको सूचना अधिकारी जोशीले




रकम फछ्र्यौट गर्न निर्देशन दिएको हो ।निजी क्षेत्रबाट सञ्चालित विभिन्न डेरी उद्योगले लामो समयदेखि किसानले बिक्री गरेको दूधको भुक्तानी नगरेकाले उनीहरू समस्यामा परेका छन् ।

त्यस कार्यले उत्पादन तथा बजार आपूर्ति प्रभावित हुन सक्ने हुँदा चालु आर्थिक वर्षको असार मसान्तसम्म यथाशीघ्र भुक्तानी गर्नुपर्ने मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिनुभयो ।

दैनिक गुणस्तरीय दूध सेवनका लागि जनचेतना जगाउने र पोषणयुक्त दुध तथा दुग्ध पदार्थको उपभोगमा वृद्धि जानकारी दिनुभयो ।

मन्त्रालयले पशु तथा कृषि बीमा, बीउबिजन, मल, कृषि उपकरणमा किसानलाई अनुदानमा सहयोग गर्दै आएको जनाएको छ । विभिन्न किसान सङ्घ संस्थाले समेत दुध किसानको रकम समयमै उपलब्ध गराउन माग गर्दै आएका थिए ।नेपाल किसान महासङ्घका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले किसानले उत्पादन गरेका दूधबाट विभिन्न दूधजन्य परिकार बनाएर नाफा कमाउने डेरी उद्योगले किसानलाई तिर्नुपर्ने रकम असुली गर्न सरकारले कडाइ गर्नुपर्ने बताउनुभयो ।रासस

# नवौं न्युबिज कन्क्लेभ एन्ड बिजनेस एक्सलेन्स अवार्डस् सम्पन्न

काठमाण्डु । न्यु बिजनेस एजको आयोजनामा भएको 'नवौं न्युबिज कन्क्लेभ एन्ड बिजनेस एक्सलेन्स अवार्डस्-२०२५' कार्यक्रममा विभिन्न नौ कम्पनी तथा एक जना वरिष्ठ उद्यमीलाई सम्मान गरिएको छ । बिहीबार यहाँ आयोजित कार्यक्रमको सो सम्मान प्रदान गरिएको हो ।

सन् २०१३ देखि हरेक वर्ष हुँदै आएको सो कार्यक्रम भूकम्प, नाकाबन्दी तथा कोभिडका कारण असहज भएका वर्षहरूमा भने हुनसकेको थिएन । कार्यक्रमका प्रमुख अतिथि उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी हुनुहुन्थ्यो भने विशेष अतिथिका रूपमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा शिवराज अधिकारी हुनुहुन्थ्यो ।




कार्यक्रमको पहिलो सत्रमा 'सुधारद्वारा आर्थिक वृद्धि (ड्राइभिङ ग्रोथ थ्रु रिफर्मस्)' भन्ने मुख्य थिममा केन्द्रित रहेर विज्ञहरूबीच प्यानल छलफल गरिएको थियो । त्यसमा उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगका अध्यक्ष तथा पूर्व अर्थसचिव रामेश्वर खनालले की नोट सम्बोधन गर्नुभएको थियो र प्यानल वक्ताहरूमा प्रतिनिधिसभा सदस्य तथा पूर्वस्वास्थ्य तथा जनसङ्ख्यामन्त्री एवं नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापा, एनसेलका प्रमुख कार्यकारी अधिकृत जब्बोर कायुमोभ, श्रीनगर एग्रो ग्रुप अफ कम्पनीजकी कार्यकारी निर्देशक मौसुमी श्रेष्ठ तथा प्रविधि उद्यमी बालकृष्ण जोशी हुनुहुन्थ्यो । लाइफटाइम एचिभमेन्ट इन बिजनेस लिडरसीप अवार्डबाट उद्योगी बाबुलाल चाचान सम्मानित हुनुभयो । उद्योगमन्त्री भण्डारीले उहाँहरूलाई सम्मान गर्नुभएको थियो ।

त्यसैगरी, बेष्ट म्यानेज्ड कम्पनी अफ द इयरबाट नेपाल फर्मास्युटिकल्स ल्याब, बेष्ट म्यानेज्ड आइटी कम्पनी अफ द इयरबाट इसेवा, स्पेशल रिकग्निसन फर पब्लिक इन्टरप्राइजबाट साल्टट्रेडिङ कर्पोरेसन, बेष्ट म्यानेज्ड कमर्सियल बैंक अफ द इयरबाट एभरेष्ट बैंकले सम्मान पाए । बेष्ट बैंक इन डिजिटल फाइनान्सियल सर्भिसेज ग्लोबल आइएमई बैंक, बेष्ट म्यानेज्ड डेभलपमेन्ट बैंक अफ द इयरबाट मुक्तिनाथ विकास बैंकले सम्मान पाए ।रासस

## मानव-हात्ती द्वन्द्व :
# डेढ दशकमा ७२ जना र २५ हात्तीको मृत्यु

बनियानी । झापामा डेढ दशकको अवधिमा हात्तीको आक्रमणबाट ७२ जनाको मृत्यु भएको छ । यस क्रममा २०६७ सालदेखि हालसम्म सात जना गैरनेपालीको समेत मृत्यु भएको छ ।


डिभिजन वन कार्यालय झापाका डा सुमन भलका अनुसार सोही अवधिमा हात्तीको आक्रमणमा परी ९२ जना घाइते भएका छन् ।

विसं २०८१ साउनदेखि हालसम्म हात्तीको आक्रमणमा परी पाँच जनाको मृत्यु भएको छ भने ६ जना घाइते भएका छन् । पछिल्लो १५ वर्षको तथ्याङ्क हेर्दा औषतमा बर्सेनि पाँच जनाको मृत्यु भएको देखिन्छ ।

जिल्लामा मानव-हात्ती द्वन्द्व न्यूनीकरणका लागि विद्युतीय तारवार, जैविकमार्ग निर्माण, वन क्षेत्रमा पोखरी निर्माण, फलफूलका बिरुवा रोपण, गस्तीलगायतका गतिविधि हुँदै आएका छन् । 'फरेष्ट एक्सन नेपाल'का डा लिलानाथ शर्मा विद्युतीय तारवारले मात्र मानव-हात्ती द्वन्द्व न्यूनीकरण नहुने बताउनुहुन्छ । "तारबारले मात्र हात्तीलाई रोक्न/छेक्न सकिँदैन", उहाँले भन्नुभयो, "वनमै सुधार जरुरी छ ।"

हात्तीको जैविकमार्ग निर्माण, वनभित्रै हात्तीमैत्री वातावरण निर्माण तथा वनमा सुधार गर्नसके मावन-हात्ती द्वन्द्व न्यूनीकरण गर्न सकिने उहाँले बताउनुभयो । खानाको खोजीमा जङ्गलबाट हात्ती बाहिरिने भएकाले वनभित्र हात्तीको आहारा व्यवस्थापन गर्नुपर्ने देखिन्छ । वन अतिक्रमणसँगै वन जङ्गल नजिकै मानव बस्ती बढ्दै गएकाले पनि मावन-हात्ती द्वन्द्व बढ्दै गएको हो ।

हात्तीले मकै मन पराउने भएकाले पनि मकैखेती हुने बेलामा भारतबाट हुलका हुल हात्ती आउने गरेको डिभिजन वन कार्यालय डा भलले बताउनुभयो । अन्य समयमा भन्दा मकैको याममा हात्तीको आवागमन बढी हुने उहाँको भनाइ छ ।



झापामा २०६२ सालयता २५ हात्ती मृत फेला परेका छन् । पछिल्लो समय जिल्लामा हात्तीको मृत्यु हुने क्रम बढेको छ । विगतमा बर्सेनि एक/दुई वटा हात्ती मृत भेटिने गरेका थिए । तर, केही वर्षयता हात्तीको मृत्यु हुने क्रम बढेको छ ।

विसं २०८० साउनदेखि २०८१ असार सम्ममा चार हात्ती मृत फेला परेका थिए भने चालु आवमा समेत हालसम्म चार हात्ती मृत फेला परेका डिभिजन वन कार्यालयले जनाएको छ ।

जिल्लाका हात्तीपीडितलाई सरकारले आव २०६८/६९ देखि चालु आवको हालसम्ममा रु नौ करोड ६८ लाख ४७ हजार राहत प्रदान गरिसकेको छ । हात्तीको आक्रमणबाट ज्यान गुमाउनेको परिवारलाई जनही रु १० लाख, घाइतेलाई अधिकतम रु दुई लाख, चौपाया, अन्नबाली र भौतिक संरचना क्षति भएकाको हकमा क्षतिको आधारमा क्षतिपूर्ति उपलब्ध गराउँदै आएको डिभिजन वन कार्यालयका डा भलले बताउनुभयो । जिल्लामा ५२५ जना वन्यजन्तु पीडित अझै राहतको पर्खाइमा छन् । रासस

भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषा

हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा सुगामधुकरही गा.वि.स. वडा नं. ७ हाल परिवर्तित हंसपुर न.पा.वडा न.४ मा बस्ने बच्चा मण्डलको नाती केश्वर मण्डल धानुकको छोरा धनेश्वर मण्डल धानुकले मेरा नाममा साविक मौजे सुगामधुकरहीको सा.कि.नं.१९२६ को ०-४-४ जग्गा सर्वे नापी हुँदा जि.ध.गा.वि.स. सुगामधुकरही बड़ा नं.७क कि.नं.२९७ क्षेत्रफल ०-१-१५-२, ऐ.ऐ.कि.नं.२९८ क्षेत्रफल ०-०-१२-० र ऐ.ऐ.कि.नं. २९९ क्षेत्रफल ०-०-१५-० जग्गा मेरो नाउँमा नै नापनक्सा भई दर्ता गर्न छुट भएकोले भरो नाममा छुट जग्गा दर्ता गरि पाउँ भनी द.नं.१८५८० मिति २०८१/११/२० को माग निवेदन रहेकोमा धनेश्वर मण्डल धानुकको मिति २०८१/११/२६ मा मृत्यु भई निजको हकभोग खाने पत्नी परमजोतिया देवीको पनि मिति २०४३/०७/१० मा मृत्यु सकेकोले निजहरुको हकभोग अपुताली खाने दुई छोराहरु जेठो रामपूत मण्डल-१ र कान्छा छोरा राम भजन मण्डल-१ मात्र भएकोमा जेठो छोरा रामपुत मण्डलको मंजुरीले कान्छा छोरा राम भजन मण्डलको नाममा छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी द.नं.२६३३७ मिति २०८२/०२/१८ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८२/०३/१३ को आदेशानुसार यो ३५ दिने हकदाबी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दाबी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

तपसिल

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | सुगामधुकरही | ७क | २९७ | ०-१-१५-० | यो जग्गा प. सुगामधुकरही वार्ड नं. ७ बस्ने धनेश्वर मण्डल धानुकको नम्बरी हो । रामेश्वर जादव द...... |
| धनुषा | सुगामधुकरही | ७क | २९८ | ०-०-१२-० | |
| धनुषा | सुगामधुकरही | ७क | २९९ | ०-०-१५-० | |

भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा

सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा रमदैया भवाडी गा.वि.स. वडा नं.९ हाल परिवर्तित क्षीरेश्वरनाथ उचित यादवको बुहारी तारकेश्वर नाथ दिपा यादवको पत्नि दरोवती देवी यादवले मेरो ससुरा बज्यै ननुवती देवी यादवको नाउँमा साविक मौजे भवाडी कट्टीको सा.कि.नं.७६ क्षेत्रफल ०-२-२-० जग्गा सर्वे नापी हुँदा जि.ध.गा.वि.स.रमदैया भवाडी वडा नं.७क कि.नं.९० क्षेत्रफल ०-०-१६-० जग्गा ननुवती देवी यादवको नाउँमा नापनक्सा भई दर्ता गर्न छुट भएकोमा ससुरा बज्यै ननुवती देवी यादनको मिति २०३० सालमा र ससुरा बाजे हरिहर यादवको मिति २०२९ सालमा आ-आफ्नो कालगतीले स्वर्गवास भई निजहरुको हकभोग खाने छोरा मेरो ससुरां उचित यादवको मिति २०३० सालमा र निजको पत्नी मेरो सासु तुल्फी देवी यादवको मिति २०३१ सालभन्दा अगावै मृत्यु भई निजहरुको हकभोग खाने निजहरुको छोराहरु राजकिशोर यादव, तारकेश्वर यादव, राजेश्वर यादव, सत्यनारायण यादव, पवन कुमार यादव र विजय कुमार यादव भएकोमा तारकेश्वर यादवको मिति २०५१/११/०१ मा मृत्यु भई उक्त जग्गा तारकेश्वर यादवको पत्नी दरोवती देवी यादवको अंशभागमा मेरो नाउँमा छुट जग्गा दर्ता नामसारी गरि पाउँ भनी द.नं.१८१५३ मिति २०८१/११/१३ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८२/०२/२१ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दाबी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद वाहेक ३५ (पैतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण, दाबी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ

तपसिल

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | रमदैया भवाडी | ७क | ९० | ०-०-१६-० | जग्गाधनी महल खाली, किसानको महल खाली र कैफियत महलमा यो जग्गा रमदैया भवाडी वार्ड नं.६ बस्ने ननुवती यादवनीको नम्बरी हो । |

# ९० लाखभन्दा बढीको सामग्रीसहित ३ ट्रक नियन्त्रण

**टुडे समाचारदाता**

बारा । बारा स्थित प्रहरीले छुटाछुटै स्थानबाट १ करोड रुपैयाँ बढीको विभिन्न सामानसहित तीन वटा कन्टेनर ट्रक नियन्त्रणमा लिएको छ ।

ईलाका प्रहरी कार्यालय जीतपुरबाट खटिएको टोलीले जीतपुर सिमरा उपमहानगरपालिका ७ स्थित चेकप्वाइन्टमा दुईवटा ट्रकमा रहेको सामानहरू जाँच गर्दा बिल-बिजकभन्दा बढी सामान फेला पारेको छ ।

ना ३ ख ७३११ नम्बरको कन्टेनर, वीरगञ्बाट काठमाण्डुतर्फ जाँदै गर्दा असई राजन सिवाकोटीको कमाण्डमा खटिएको टोलीले आज बिहान २:४० बजे सो ट्रक नियन्त्रणमा लिएको छ । उक्त ट्रकमा करिब ५० लाख ६३ हजार ४ सय ३६ रुपैयाँ बराबरका रेडिमेड कपडा, टायर र अन्य खुद्रा सामानहरू फेला परेको बारा प्रहरी प्रमुख एसपी सन्तोष कुमार तामाङ्गले बताएका छन् ।




त्यसैगरि गएराति वीरगञ्जबाट झापातर्फ गईरहेको ना ५ ख ३५५९ नम्बरको कन्टेनर बरिष्ठ सई जंग कार्कीको कमाण्डमा खटिएको टोलीले रोकेर चेकजाँच गरेको थियो ।

चेकजाँचको क्रममा उक्त ट्रकमा करिब ४० लाख १ हजार ४ सय ६९ रुपैयाँ बराबरका मेडिकल सामग्री, कपडा, ट्याब्लेट र अन्य खुद्रा सामानहरू लोड रहेको एसपी तामांगले जानकारी दिएका छन् ।

बिलबिजक भन्दा बढी सामान रहेको दुबै ट्रकलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि राजस्व अनुसन्धान कार्यालय, पथलैया बारामा बुझाएको बारा प्रहरी प्रवक्ता डीएसपी विजयराज पण्डित द्वारा शुक्रवार जारी विज्ञप्तीमा उल्लेख गरिएको छ ।

त्यस्तै ईलाका प्रहरी कार्यालय जीतपुरबाट प्रहरी निरीक्षक जङ कार्कीको कमाण्डमा खटिएको टोलीले जीतपुर सिमरा उपमहानगरपालिका-७ स्थित प्रहरी चेकप्वाइन्टमा बिहीबार साँझ मधेश प्रदेश ०३-००२ ख १४४० नम्बरको कन्टेनर ट्रकलाई रोकी जाँच गरेको थियो । वीरगञ्जबाट सिमरा तर्फ गइरहेको सो ट्रकमा बिल-बिजकभन्दा बढी मात्रामा माल फेला परेको प्रहरीले जनाएको छ ।

बारा प्रहरीका अनुसार ट्रकमा फाईल, साबेल, पितलका भाँडा, बदामका दाना लगायत विभिन्न किसिमका खुद्रा सामान लोड गरिएको थियो। प्रारम्भिक मुल्याङ्कन अनुसार जफत गरिएको सामानको अनुमानित बजार मूल्य ४३ लाख ३४ हजार ८ सय १० रूपैयाँ रहेको बारा प्रहरी प्रमुख एसपी सन्तोष कुमार तामाङले बताएका छन् ।

सामान तथा ट्रक दुवैलाई आवश्यक अनुसन्धान र कारबाहीको लागि राजश्व अनुसन्धान कार्यालय, पथलैया बारामा बुझाइएको प्रहरी प्रवक्ता डीएसपी विजयराज पण्डितद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।

# ‘स्वच्छ पानी अभियान’ उद्घाटन तथा हस्तान्तरण सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा सुरक्षित र स्वच्छ खानेपानी पहुँच विस्तार गर्ने उद्देश्यसहित ‘स्वच्छ पानी अभियान’को उद्घाटन तथा हस्तान्तरण कार्यक्रम जनकपुरधाम-०८ स्थित श्री याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय र वडा नं. ११ को दलित समुदायमा सम्पन्न गरिएको छ ।




नेपालस्थित चिनियाँ दूतावास, युथ पायोनियर्स तथा सीएफआरडी नेपाल अफिसको सहकार्यमा सञ्चालित यो परियोजना मधेश प्रदेशको स्वास्थ्य तथा स्वच्छता प्रवर्धनमा केन्द्रित दीर्घकालीन मानवीय प्रयासको रुपमा अघि सारिएको हो ।

कार्यक्रममा भौतिक पूर्वाधार विकासमन्त्री सरोज यादवले मधेशी समुदायको जीवनस्तरमा सकारात्मक प्रभाव पार्ने यस्ता मानवीय परियोजनाको सधैं स्वागत गरिने बताए । उनले भने, “स्वच्छ पानीजस्तो आधारभूत अधिकारलाई सुनिश्चित गर्न चिनियाँ दूतावासको पहल प्रेरणादायी छ ।”

डा. विजय दत्तले भने, “चिनियाँ दूतावासले समुदायसम्म पुगेर प्रत्यक्ष सेवा प्रवाह गरिरहेको छ, जुन अत्यन्तै सराहनीय छ। हामी यो अभियान निरन्तरताका साथ विस्तार होस् भन्ने चाहन्छौं ।”

परियोजनाका प्रमुख ई. शिवाङ्ग दत्तले यो परियोजना सुरुवात मात्र भएको उल्लेख गर्दै चिनियाँ दूतावासले ग्रामीण क्षेत्रसम्म अभियान विस्तार गर्ने तयारी गरिरहेको जानकारी दिए । “हाम्रो उद्देश्य विकास मात्र होइन, जीवन परिवर्तन हो,” उनले भने ।

यसअघि पनि चिनियाँ दूतावासले मधेशमा ‘उज्यालो भविष्य शिक्षा अभियान’ र ‘आरामदायी बर्थिङ अभियान’ सञ्चालन गरिसकेको छ ।

स्वच्छ पानी अभियानले विशेषगरी दलित तथा पिछडिएको समुदायलाई लक्षित गरी सुरक्षित पानीको पहुँच विस्तार गर्न मद्दत पुऱ्याउने छ । यसले मधेश प्रदेशमा दीर्घकालीन स्वास्थ्य सुधार, बालबालिकामा रोगको न्यूनीकरण, र स्वच्छता चेतनाको विस्तारमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ ।

कार्यक्रममा मधेश प्रदेशका आन्तरिक मामिला मन्त्री, योजना आयोगकी सदस्य ललिता यादव, चिनियाँ दूतावासका उपप्रमुख वाङ सिन, राजनीतिक मामिला निर्देशक यु पेंगचेंग, विभिन्न राजनीतिक दलका प्रतिनिधि, मानव अधिकारकर्मी, पत्रकार तथा नागरिक समाजका अगुवाहरूको उपस्थिति रहेको थियो ।

# चुरेमा सिंहदरबार

ब्लग :



**श्यामसुन्दर शशि**




मधेश प्रदेश सरकारले हालै जारी गरेको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक कार्यक्रम पुस्तिका (रेड बूक) मा चुरे संरक्षणबारे ठोस योजनार बजेट विनियोजित नगरे पनिमधेश प्रदेश संसदमा प्राकृतिक श्रोत तथा वातावरण एवं अर्थ तथा योजना समितिका आधा दर्जन सांसदहरु शुक्रबार चुरेको काखमा बसेको गणेशमान-चारनाथनगरपालिका- १ को तीन तल्ले पुगेर चुरेवासीसंग छलफल गरेका छन् । चुरेवासीको समस्या सुनेका छन् । चुरे संरक्षणका उपायबारे विमर्श गरेका छन्, अनि चुरेवासीले सुनाएका गुनासाहरुको पोको मधेश प्रदेश सभामा विसाउने वाचा गरेर जनकपुरधाम फर्केका छन् ।

अचेल जनता जनार्दनको लागि बनाइने योजनाहरुको रुपरेखा पाँचतारे होटलको एयर कण्डिशन रुममा तयार पारिन्छ । सुकिला-मुकिला विषयविज्ञ, सरकारी अधिकारी, जनप्रतिनिधि अनि कोट पेन्टमा सजिएका जनता जनार्दनका प्रतिनिधिहरु एयर कण्डिशन कोठामा बसेर अमेरिका, जापान, इजराइल लगायतका विकसित देशहरुको मोडल कपिपेष्ट गरेर योजना बनाउँछन् । जो ग्राउण्ड जीरोसम्म पुग्दापुग्दै बैलुनको हावा जस्तै फुस्स हुन्छ। जनताको समस्या जनतामा झपुगेर बुझ्न सकिन्छ । समस्याको कारण बुझ्न सकेमात्र समाधान खोज्न सकिन्छ ।



संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (यू.एस.आई.डी.) को संसद सहयोग परियोजनाको सहयोगमा पिपुल प्रमोट सेन्टरले शुक्रबार आयोजना गरेको ‘चुरे संरक्षण, वातावरण तथाजल संरक्षण’ सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी हुन मधेश प्रदेश सभाको प्राकृतिक श्रोत तथा वातावरण समितिकी सभापति शारदा दास पहाडी, सदस्यहरु इन्दु कुमारी साह, नुरुल नेसा, ममता देवी मण्डल, संजीलाकुमारी यादव, अर्थ तथा योजना समितिकी सभापति अनिताकुमारी साह तथा प्रदेश सांसदहरु साहिदा खातुन र हसिना खातुन तीनतल्ले पुगेकी थिइन् । उनीहरुसंगै यू.एस.आइ.डी. संसदीय सहयोग परियोजनाका प्रमुख बिड्डबाबू श्रीवास्तव, चुरे सम्बन्धीविषय विज्ञ रोहित यादव तथापि.पी.सी.का प्रमुख कमलेश मण्डल तथा गणेशमान चारनाथ नपा वडा नम्बर १ का अध्यक्ष श्याम आलेलगायत सहभागी थिए। स्थानीयवासी जनप्रतिनिधिलाई आत्मीय स्वागत त गरेका थिए। तर आफूहरुले भोग्दै आएका समस्याबारे खुलेर गुनासा पनि गरेका थिए। जनता र जनप्रतिनिधिबीचको यो दोहरी हेर्न र सुन्न लायक थियो ।

पूर्व-पश्चिम राजमार्गको वीरेन्द्र बाजारबाट मुस्किलले ५ किलोमिटर उत्तरमा चुरे पर्वत श्रृंखलाको काखमा बसेको सानो गाउँ हो-तीनतल्ले । जहाँ मगर, तमांग, राई, क्षेत्री र सुनार जातिको बसोवास छ । एक विदेशी संस्थाको सहयोगमा नेपाल रेडक्रस सोसाइटी धनुषाले निर्माण गर्न लागेको खानेपानी योजनाको स्थलगत निरीक्षण गर्न करिब २० वर्ष अघि म त्यो गाउँ पुगेको थिए । त्यतिबेला यो गाउँमा मुस्किलले ५० घर धूरीको बसोवास थियो । अचेल गाउँमा झण्डै २ सय घर परिवारको बसोवास छ। २० वर्ष अघि यो गाउँ खानेपानीको चरम संकटबाट गुज्रि रहेको थियो । खाने पानीको अभावमा गाउँ नै विस्थापित हुने अवस्था थियो। रेडक्रस सोसाइटीको त्यो योजना सफल हुन सकेन । पछि अर्को विदेशी संस्थाको सहयोगमा पिपुल प्रमोट सेन्टरले एक दशक अघि निर्माण गरेको खाने पानी योजना सफल भयो। अचेल गाउँको आकार र जनसंख्या बढे पनि एक घर एक नल योजना अन्तर्गत गाउँका सम्पूर्ण घरमा खानेपानी जडान भएको छ। खानेपानीको समस्यालगभग टरेको छ। तर नुहाउन, मवेशीलाई खुवाउन तथा खेतवारी पटाउन अहिले पनि पानीको आभाव छ। गाउँका कसैसंग पनि घर जग्गाको अभिलेख छैन ।

आज २० वर्ष पछि पुनः त्यो गाउँमा पाइला टेक्ने अवसर जुरेको थियो । वीरेन्द्र बाजार-तीनतले खण्डको सडक अझै पनि जीर्ण छ । नदीमा पूल बन्न सकेको छैन । तर गाउँ छिर्ने वित्तिकै ठुलो चर्च भने अवश्य देखिन्छ । वस्ती विस्तार भएको छ । पक्की घरहरु बनेका छन् । विद्यालय बनेको छ, तर विद्यालयको शौचालयमा पानीको आभाव छ । तीनतल्ले गाउँको पूर्वबाट चारनाथ र पश्चिमबाट करिया नदी बग्छ । दुबै नदीमा पानीको स्वतःस्फूर्त मुहान छ । दुबै नदीको मुहानको पानी सदुपयोग गरेर तीनतल्ले मात्र होइन, वीरेन्द्र बजारसम्मलाई वर्षभरि पानी खुवाउन सकिन्छ, तर प्रदेश सरकारको लागि यो प्राथमिकताको विषय होइन ।

यसमा दुई मत होइन कि चुरेको फेदमा बसेका अधिकांश नववस्तीहरु चुरे जंगल फरानी गरेर बसाइएको छ । पूर्व-पश्चिम राजमार्गको निर्माणसंगै चुरे जंगल फरानी तथा वस्ती बसाउने क्रम बढ्यो । जो अद्यावधि जारी छ । अचेल चुरे क्षेत्रमा साखु, सिसौ, बाँस, बाबियो आदि देख्न गाह्रो छ। जंगलमा बस्ती बसेपछि जंगली जनावरहरु तराई छिरेका छन् । चुरे उजाड भएपछि तराईका नदीहरुमा बालुवा, गिट्टी थुप्रिदै छ। तराईमा खानेपानीको आभाव हुन थालेको छ। चुरे मधेशको मात्र होइन, नेपालकै हृदय हो । यसलाई जोगाउन सकिएन भने मधेशलाई मरुभूमि बनाउनबाट जोगाउन सकिन्न ।

# पुनः देखियो लम्पी स्कीन



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा पशुचौपायामा लम्पी स्कीन रोगको संक्रमण देखा परेको छ ।

जिल्लाको लालबन्दी नगरपालिकाका दुई जना किसानले पालेको गाईमा लम्पी स्कीन रोगको सङ्क्रमण देखिएको छ । दुई वर्षअघि यो सङ्क्रामक रोगले देशव्यापी महामारीको रुप लिएको थियो ।

लालबन्दी नगरपालिकाको पशु सेवा शाखाका अनुसार अहिले पुनः लालबन्दी नगरपालिका -८, र लालबन्दी नगरपालिका -१७, का दुई जना किसानले पालेको गाईमा लम्पी स्कीन देखा परेको छ ।

लालबन्दी -८ मा ब्याउने गाई र लालबन्दी १७ मा बाच्छीमा लम्पी स्कीन रोग देखा परेको लालबन्दी नगरपालिकाको पशु सेवा शाखाका प्रमुख एवं पशु विकास अधिकृत डा. विमल श्रेष्ठले जानकारी दिए । डा. श्रेष्ठका अनुसार लम्पी स्कीन देखिएका दुईवटै गाईको शरीरमा फोका आउने, उच्च ज्वरो आउने र घाँस नखाने समस्या देखिएको छ ।

दुई वर्षअघि नगरभित्र ६ हजार गाई, भैंसीमा लम्पी स्कीनविरुद्धको भ्याक्सीन लगाउँदा अहिले रोग देखिएका दुईवटै गाई छुटेका थिए । दुई वर्षपछि नगरभित्र पुनः लम्पी स्कीन देखा परेपछि छेउछाउका अन्य गाई, भैंसीलाई खोप लगाउन नगरपालिका कार्यालयमा समन्वय गरिरहेको पशु सेवा शाखाका प्रमुख डा. श्रेष्ठले बताए ।

लम्पी स्कीन देखिएका गाईबाट नजिकका अन्य गाई तथा भैंसीमा पनि यो रोग सर्न सक्ने भएकाले सावधानी अपनाउन जरुरी रहेको डा. श्रेष्ठको भनाइ छ । उनले भने, “दुई वर्षअघि भ्याक्सिनेसन गरिएकाले पहिलेजस्तो तीव्र गतिमा लम्पीको सङ्क्रमण फैलिए पनि यहाँ पुनः सङ्क्रमण देखिएको छ त्यस आसपासका किसानले सावधानी अपनाउनु जरुरी छ ।”

लम्पी स्कीन गाई र भैंसीमा धेरै मात्रामा देखा पर्ने गरेको छ । लम्पी स्कीन लागेका चौपायलाई १०४ डिग्रीभन्दा माथि ज्वरो आउने, शरीरमा साना-ठुला फोका निस्कने, खुल्टा, पातो र घाँटीको भाग सुन्निने, विस्तारै घाँस खान छाड्नेजस्ता लक्षण देखा पर्ने उनले बताए ।

लम्पी स्कीन लागेको गाई वा भैंसीलाई टोकेको झिँगा र भुसुनाले अन्य चौपायलाई टोक्दा रोग सर्ने जोखिम हुन्छ । लम्पी स्कीन लागेको चौपायालाई बेग्लै बाँध्न, खोर वा गोठ नियमित सरसफाई गरेर चुना तथा फिनेल छर्कन र पशु प्राविधिकलाई बोलाएर उपचार गराउन डा. श्रेष्ठको सुझाए ।

# एकजना युवक इञ्जेक्शन सहित गौरमा पक्राउ

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गौर स्थित भारतबाट नेपालतर्फ लागूऔषध नशालु इञ्जेक्शन ल्याउँदै गरेका स्याङ्जाका एक युवकलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय रौतहटको टोलीले विशेष सुराकीका आधारमा जाँच गर्दा लागूऔषधसहित उनी पक्राउ परेका हुन् । पक्राउ पर्नेमा स्यांगजा हरिवास गाउँपालिका- ४ का २१ वर्षीय निलकुमार थापा मगर रहेको रौतहट प्रहरी प्रमुख एसपी नेत्र मणि गिरीले बताएका छन् ।

प्राप्त जानकारी अनुसार बिहीबार भारतबाट नेपालतर्फ प्रवेश गर्दै गरेको मगर लाई सशस्त्र प्रहरीको चेकप्वाइन्ट नजिकै चेकजाँच गर्दा उनीसंग नोफिन ५० एमपुल, सेरेज्याक ५० एमपुल, र फेनारगन ५० एमपुल गरी मगरको साथबाट औषधसहित जम्मा १५० एम्पुल, १ थान मोबाइल फोन समेत बरामद गरिएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी दीपक कुमार रायले आज जारीगरेको सूचनामा उल्लेख गरिएको छ ।



बरामद लागूऔषध र मगर लाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि जिल्ला अदालत रौतहटबाट म्याद लिएर अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ । रौतहट स्थित प्रहरीले पछिल्लो समय लागूऔषध कारोवार नियन्त्रणमा बिशेष सक्रियता देखाएको छ ।

# जनकपुरधाममा यामाहा एक्सचेन्ज अफर

**टुडे समाचारदाता**

जनकपुरधाम । यामाहा मोटरसाइकलले एक्सचेन्ज अफर जनकपुरधाममा शुक्रबारदेखि शुरु भएको छ। जनकपुरधामको रंगभूमि मैदानमा शुरु भएको एक्सचेन्ज अफर १७ गते सम्म चल्ने रविन श्रेष्ठले जानकारी दिए ।




एक्सचेन्ज अफरमा यामाहा कम्पनीको कुनैपनि पुरानो गाडीलाई न्युन्तम ५० हजार र अन्य कम्पनीको गाडीलाई २५ हजार न्युनतम भ्यालु निर्धारण गरिएको कम्पनीका प्रतिनिधि श्रेष्ठले बताए ।

यामाहाको नयाँ गाडी खरिदमा ७.९९ प्रतिशत ब्याजदरमा बिना कुनै ग्यारेन्टी फाइनान्स सुविधा समेत व्यवस्था गरिएको छ ।

**प्लाष्टिक प्रयोगमा कटौती गरौं**

**प्लाष्टिक प्रयोगले:**

- माटोको उर्वरा शक्ति घटाउँछ,
- पानी प्रदुषण हुन्छ,
- पशुले प्लाष्टिक खाएमा मृत्यु हुन्छ,
- मानव स्वास्थ्यमा हानी पुऱ्याउँछ,
- प्राकृतिक सौन्दर्यता नष्ट हुन्छ,

**त्यसैले,**

- प्लाष्टिकका झोलाको सट्टा कपडाको झोलाक प्रयोग गरौं,
- प्लाष्टिकका भाँडाको सट्टा स्टिल, काँच र बाँसका सामग्री प्रयोग गरौं,
- प्लाष्टिकजन्य फोहोर सही तरिकाले व्यवस्थापन गरौं,
- “प्लाष्टिकमुक्त” अभियानमा सहभागी बनौं,

“वातावरणको संरक्षण गरौं”

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८